Jana Aakash
National Weekly
www.janaakash.com
# जन आकाश
Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक

वर्ष- १७, अंक- १ २०८१ साल साउन ८ गते मंगलबार (Jul 23, 2024) www.janaakash.com.np

**जन आकाश मिडिया प्रा.लि. बाट प्रशारित**
**www.janaakash.com.np**

अनलाइन सञ्चालन भइ रहेको हुदा तपाइ हरुको सल्लाह, सुझाव, व्यवसायिक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेनसी, कम्पनी, शुभचिन्तक, पाठक वर्ग लगायत माहानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जन आकास युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नाम हरु जोडेर जन आकाशको बाषिकोत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, सघं-संस्था हरुले सम्पर्क राख्न अनुरोध गरीन्छ ।

सम्पर्क : ४१६७५७८ (बागबजार)
मोबाइलः ९८५१०८७१५६

Email : janaakash.com.np@gmail.com

# देशले प्रत्यक्ष निर्वाचित प्रधानमन्त्री खोजेको छ




**मोहन कार्की**

नेपालमा संसदीय अभ्यास फेल हुदै गएको र निर्वाचन प्रणाली पनि खर्चिलो भएको कारणले नेपालको सांसदीय अभ्यासले विकास हुन नसक्ने राय अहिले उठ्न थालेको छ। उठाउन त विगत देखि केही दिग्गज व्याक्तित्वहरुले कार्यकारी प्रधानमन्त्री अर्थात प्रत्यक्ष निर्वाचित प्रधानमन्त्री चुन्ने व्यवस्था गर्नुपर्छ भन्दै आएका थिए । तर त्यो नेपालमा हुन सकेको छैन । त्यसैको कारण वेला वेलामा सदनमा बहुमतिय तरिका अपनाएर सरकार परिवर्तन हुने खेलहरु भईरहेका छन् ।

कतिसम्म भने देशको तेस्रो भएको पार्टीको नेतृत्वमा समेत सरकार बनेको देख्न पाइएको थियो कहिले कुन पार्टीले समर्थन दिने कहिले कुन पार्टीले समर्थन फिर्ता लिने जस्ता मजाक लाग्ने गरी गरेको व्यवहार मज्जाले हेर्न पाएकै छ । यस्तै बहुमत र अल्मतको सरकार भनेर इतिहासमा लेखि सकेकै हुन् ।

अ ि ह ल े बनेको सरकारले राष्ट्रिय सहमतिको सरकार, संविधान संशोधनको एजेण्डा ७ शुत्रिय सम्झौता पत्रमा उल्लेख गरेको छ । यदि साच्चै देशको परिवर्तन चाहने हो । स्थायी सरकार चाहने हो देशको दिगो विकासको लागि आट गर्ने नै हो भने प्रत्यक्ष जनतावाट निर्वाचित हुने संवैधानिक व्यवास्था संविधानमा व्यवस्था गर्नुपर्छ ।

अहिले सरकारमा रहेका पार्टीहरुको १८८ सांसद छन् । यो भनेको दुईतिहाई बहुमत हो । यो संख्याको सांसदले संविधान संशोधन गर्न सक्छ । संविधान संशोधन गर्ने नै हो भने देशको पक्षमा हुने निर्वाचन प्रणाली महगो हुदा असल, सक्षम, अनुभवी व्यात्तित्वहरुले निर्वाचणमा पराजय भोग्दै आएका छन् । निर्वाचन खर्चालु गरेर जित्ने र सांसद बनेर सदनमा पुगेपछि सरकार बनाउन र ढाल्न तिनै सांसदको संख्या चाहिने हुदा बेला बेलामा पार्टी फुट्ने मन्त्री खानको लागि देशको लागि गर्न नहुने कामहरु समेत गरेर बदनामित हुने र प्रधानमन्त्री बन्न बहुमत पुऱ्याउन प्रधानमन्त्री बन्ने सांसदले पनि नजायज काम गर्न बाध्य हुनुपर्ने जस्ता प्रावधानले प्रधानमन्त्री देखि लियर मन्त्रीहरुले चाहे जसरी पारदर्शी ढंगवाट काम गर्न सकेनन् । उल्टै विपरित काम गर्दा विगतमा मन्त्री भईसकेका पूर्व मन्त्रीहरु कति त जेलमा छन् ।

यि यस्ता घटनाहरु हेर्दा नेपालमा सांसदीय व्यवस्था भित्रको निर्वाचन प्रणाली सवल देखिदैन । त्यसैले आउदा दिनमा नेपाली काँग्रेस र एमाले सहित सम्मिलित पार्टीहरुले राष्ट्रिय सहमतिको सरकार तथा संविधान संशोधन गर्दा प्रत्यक्ष जनतावाट निर्वाचित कार्यकारी प्रधानमन्त्रीको व्यवस्था गर्न मस्यौदा तयार गरुण र पास गरुण यस्तो व्यवस्थामा » बाकी ६ पृष्ठमा

## कर्णालीमा माओवादीका मन्त्रीहरूले राजीनामा दिंदै



**सुर्खेत–** नेकपा एमाले नेतृत्वको कर्णाली प्रदेश सरकारमा सहभागी माओवादी केन्द्रका मन्त्रीहरूले सामूहिक राजीनामा दिने भएका छन् ।

प्रदेश सरकारमा सहभागी माओवादीका चार मन्त्रीले ७ गते बिहान ११ बजे पत्रकार सम्मेलन गरेर राजीनामा दिन लागेका हुन् । केन्द्रमा दुई ठूला दल नेपाली कांग्रेस र एमालेबीच नयाँ समीकरणको सरकार बनेसँगै माओवादी कर्णाली सरकारबाट बाहिरिन लागेको संसदीय दलका प्रमुख सचेतक कृष्णबहादुर जिसीले जानकारी दिए ।

'केन्द्रमा नयाँ समीकरण बनेपछि प्रदेश पनि सोही अनुसार चल्नु पर्छ । हाम्रो पार्टीबाट सहभागी मन्त्रीहरूले आज पत्रकार सम्मेलन गरेर राजीनामा दिनुहुन्छ,' जिसीले भने । कर्णालीमा पहिलोपटक माओवादी प्रमुख प्रतिपक्षी दलको बेन्चमा बस्ने भएको छ । प्रदेश सरकार गठन भएदेखि नै सरकारमा सहभागी हुँदै आएको माओवादी ६ वर्षदेखि सरकारमा छ ।


एमाले नेता यामलाल कँडेल नेतृत्वको प्रदेश सरकारमा माओवादीबाट आर्थिक मामिला तथा योजनामन्त्री महेन्द्र केसी, उद्योग, पर्यटन, वन तथा वातावरणमन्त्री दुर्गबहादुर रावत, ऊर्जा तथा जलस्रोतमन्त्री रणसिंह परियार र सामाजिक विकासमन्त्री वीरबहादुर शाही सहभागी छन् । उनीहरूले आज पत्रकार सम्मेलन गरेलगत्तै » बाकी ६ पृष्ठमा

## अवरूद्ध वीपी राजमार्ग एकतर्फी खुल्यो

**काभ्रेपलाञ्चोक–** वर्षाले पहिरो जाँदा गए रातिदेखि अवरुद्ध वीपी राजमार्ग एकतर्फी खुलेको छ । उक्त राजमार्गअन्तर्गत काभ्रेको रोशी गाउँपालिकाका विभिन्न स्थानमा बाढी तथा पहिराले रातिदेखि सडक अवरुद्ध भएको थियो ।

अवरुद्ध रोशी-मङ्गलटार सडकखण्ड आज बिहानेदेखि एकतर्फी सञ्चालनमा ल्याइएको प्रहरीले जनाएको छ । राजमार्गको माम्तीखोला र भ्याकुरेखोलाको बाढी तथा मङ्गलटार क्षेत्रका विभिन्न स्थानमा पहिरो खस्दा सडक अवरुद्ध भएको हो । अहिले पनि सुरक्षाकर्मी परिचालन गरी पहिरो पन्छाउने काम भइरहेको जनाइएको छ ।

सडकलाई दुईतर्फी सञ्चालनमा ल्याउने प्रयास भइरहेको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता प्रहरी नायब



उपरीक्षक राजकुमार श्रेष्ठले बताए । उनका अनुसार दिउँसोसम्ममा दुईतर्फी यातायात सञ्चालन गराइनेछ । गत असार अन्तिम साता पनि उक्त सडकखण्ड अवरुद्ध भएको थियो । उक्त क्षेत्रमा स-साना पहिरो गइरहने भएकाले तत्काल पहिरो पन्छाउन स्काभेटरलाई 'स्याण्डबाई' राख्दै आइएको छ ।

## शिक्षा र सञ्चारलाई प्रविधिसँग जोड्नुपर्छ : मन्त्री भट्टराई

**काठमाडौं–** शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री विद्या भट्टराईले सञ्चारमाध्यममा ३३ प्रतिशत महिला सहभागिता हुनुपर्ने बताएकी छन् । मिडिया एडभोकेसी ग्रुप (म्याग) र हाई कमिसन अफ क्यानाडाद्वारा संयुक्त रूपमा आज यहाँ आयोजित 'राजनीतिका विषयमा समाचार सङ्कलन गर्ने महिला पत्रकारको क्षमता अभिवृद्धि' विषयक दुईदिने गोष्ठीमा उनले सञ्चारमाध्यममा महिला सहभागिता कम देखिनु चिन्ताको विषय भएको बताइन् ।

"शिक्षा र सञ्चारलाई प्रविधिसँग जोडनुपर्छ, विश्व एआइमा पुगिसकेको अवस्थामा हामीले प्रविधिको अधिकतम प्रयोग गर्नुपर्छ", मन्त्री भट्टराईले भनिन्, "सञ्चारमाध्यममा राजनीतिका विषयमा समाचार सङ्कलन गर्ने पत्रकार महिलालाई प्रोत्साहन गर्न जरुरी छ ।" नेपालका लागि क्यानाडाका राजदूत क्यामेरोन म्याकेले नेपालमा सामाजिक न्यायमा लागि पत्रकार महिलाको उपस्थिति जरुरी रहेको बताइन् । उनले क्यानाडामा महिला सहभागिता ५० प्रतिशत र महिला पत्रकार ५२ प्रतिशत रहेको जानकारी गराइन् ।


प्रेस काउन्सिल नेपालका अध्यक्ष बालकृष्ण बस्नेतले पत्रकार महिला पेसागत रूपमा टिकाउन ध्यान दिनुपर्ने र पत्रकार महिलालाई राजनीतिक विषयमा समाचार लेख्दा




सन्तुलित समाचार लेखेको भनेर स्रोतले विश्वास गरेको अध्ययनले देखाएको बताए । उनले पत्रकार महिलाको क्षमता अभिवृद्धि गर्न काउन्सिलले सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे ।

नेपाल पत्रकार महासङ्घका अध्यक्ष विपुल पोखरेलले राष्ट्र सबल भएमा मिडिया पनि सबल हुने उल्लेख गर्दै राजनीतिक विषयले अहिले पनि बढी स्थान लिने गरेको बताए । उनले राजनीतिक विषयमा महिलाको उपस्थिति सशक्त हुनुपर्ने र मिडियाहाउसले पनि त्यहीअनुरूप नीति बनाउनुपर्नेमा जोड दिए ।

न्यूनतम पारिश्रामिक निर्धारण समिति अध्यक्ष सङ्गीता खड्काले राजनीतिक विषयमा समाचार लेख्न महिला पत्रकारलाई चुनौती भए पनि » बाकी ६ पृष्ठमा



जन आकाश Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
वर्ष -१७, अंक- १, २०८१ साल साउन ८ गते मंगलबार (Jul 23, 2024)

...मान्छे कसैले पनि कर्म लियर आएको हुदैन । सिर्जना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ । मोहन कार्की

## सम्पादकीय - - - -

### प्राकृतिक विपत्तिको सवै मिलेर सावधान गरौ ।

प्राकृतिक विपत्ति अर्थात अपरझट आइपर्ने समस्या नेपालमा मात्र होइन विश्वमा नै कतिवेला कहा के हुन्छ थाहा नै हुदैन । प्राकृतिक अवस्था कसैको वसमा छैन । त्यो चाहे भुकम्प होस् । चाहे त्यो सुनामी होस् । चाहे त्यो बाढी पैरो होस यो कतिवेला कहाबाट कता जान्छ भन्ने टुंगो हुदैन ।

त्यस्तै नेपालमा यो बर्षको असार र साउनमा मात्र यतिवेलासम्म झण्डै ५० औं जनाले बाढी पैरोका कारण ज्यान गुमाएका छन् । तर सवैभन्दा धेरै चर्चा चितवनको काली खोला नजिकै रहेको सिमलताल भन्ने ठाउँमा एकैपटक दुइवटा बस गुडीरहेको अवस्थामा बगाएर त्रिशुली नदीमा मिसाएको र ति बसहरुमा यात्रारत गरिरहेका ६५ यात्रुमध्य ३ जना मात्र बाच्न सफल बाँकी हराएका मध्य आधा भन्दा बढी अझै फेला पर्न नसकेको र बस समेत हराईरहेको घटनाले कहिल्यै नविर्सने गरी झस्काएको छ ।

यस्ता घटनाहरु हुने सम्भावित क्षेत्रलाई आकलन गरेर सावधान अपनाउन सकिन्छ । तर प्राकृतिक घटनालाई भने अनुमान लगाउन सकिदैन । नेपालको चितवन जिल्लाको सिमलतालमा गएको पैरो लगायत अन्य क्षेत्रमा आएको पैरो र बाढी पनि त्यस्तै हो । जे हुनु भईसक्यो अव ति घटनामा परेकाहरुको खोजी र खोजी गरेर भेटिएका पहिचान खुलेका व्याक्तिहरुलाई सहयोग सबै मिलेर गरी उनिहरुका परिवारलाई निरासा हुनबाट जोगाउनुपर्छ ।

यस्ता घटनाबाट आउदा दिनमा हुने सम्भावित खतरालाई पूर्व अनुमान गरेर सावधान अपनाउने, पैरो जाने क्षेत्रहरुमा घर नबनाउने, अर्थात भीर मुनि घर नबनाउने खोलाको किनारमा घर नबनाउने, सरकारले पनि बनाउन प्रतिबन्ध लगाउने व्यवस्थित वस्तीको अवधारणा बनाई काम गर्नुपर्छ ।

सवारी साधन गुड्ने क्षेत्रहरुमा पनि पैरो बढी जाने क्षेत्रहरुमा जस्तै सीम, चिप्लो ढुङगा बग्ने क्षेत्रहरुमा बलियो र पैरोलाई छेक्न सक्ने पर्खाल, कंक्रिट बनाएर सुरक्षित बनाउनुपर्छ । ताकी आउदा दिनमा त्यस्ता घटना हुन नपाउन र कुनै पनि मानिसको अकालमा ज्यान नजाओस ।


यस्ता तरिकाहरु अपनाएर सावधानको उपाय अपनाउन सवैलाई सम्बन्धित पक्षले आग्रह गर्नुपर्छ र नागरिकहरुलाई समयमा नै सर्तक गराएर मानव रक्षा गर्नु नै सवैभन्दा ठूलो धर्म हो ।

त्यस सिमलताल भन्ने ठाउमा पहिला पनि पैरो गइरहने र २०८१ साल असार २७ गते राति पैरो जानुभन्दा एकहप्ता अगाडी पनि पैरो गएको क्षेत्र हो त्यहा पैरो गईराखेको र दैनिकै जस्तो डोजरले पन्साउदै सवारी साधन खुलाउने गरिएको क्षेत्र हो । मुगलिन नारायणघाट सडकखण्ड बर्षको समयमा अत्यन्तै जोखिम मानिन्छ ।

त्यो क्षेत्रमा बर्षाको समयमा विशेष गरेर धादिङ, गोरखा, तनहु, चितवनका जिल्ला प्रशासन र त्यस जिल्लाका विपत्त व्यवस्थापन निकायहरु एक अर्कामा समन्वमा रहने र नागरिकहरुलाई सर्तक गराउने काम हुनुपर्छ । सिमलतालको घटनामा रात्रिकालीन समयमा माथि उल्लेखित निकायहरु चनाखो भईदिएको भए घटना नहुन पनि सक्थ्यो भन्ने भनाई पनि सुन्न थालिएको छ ।

तर त्यसरी प्रशासनले रोकेकै भएपनि नेपालका नागरिकहरु पनि त्यसैको विरोध गर्न लाग्थे होलान् । त्यसैले सवैभन्दा नागरिक चेतनशील हुनुपर्छ । यात्र गर्दा कुन समयमा कसरी यात्रा गर्ने भन्ने बिषय आफैले निर्धारण गर्नुपर्छ ।

## किन हुन्छ संविधानमाथि आक्रमण ?



गौरीप्रसाद दवाडी

नेपालको संवैधानिक विकासक्रम २००४ सालबाट शुरु भएको हो। त्यसपछि क्रमश: २००७, २०१०, २०१९, २०४७, २०६३ र २०७२ गरी सातपटक संविधान लेख्ने काम भए। राज्यसत्ता आफ्नै पहुँचमा लिने गरी पटक-पटक संविधान संशोधन पनि भए। हरेक संवधानअनुसार राज्य व्यवस्था सत्ताधारीका लागि बनेको भन्ने कुरा ती समयमा गरेका राज्य सञ्चालन प्रक्रियाबाट प्रस्ट हुन्छ।

संविधानमुताबिक जनताको जनजीविकाका सम्बन्धमा सम्बोधन भाषणमा मात्र पाइन्छ। निम्नस्तरीय जनताका लागि आश्वासन र अलमल्याउनेबाहेक व्यवहारमा परिवर्तन नआएको विश्वपरिवेशमा देशको गरिबी र मुलुकको आय एवं बजार घाटाले प्रस्ट पार्दछ। जनताको निराशामा केही होला कि भन्ने आशाको त्यान्द्रो सधैँ रहिरह्यो । तर विज्ञानको प्रयोग गर्दै, प्रलोभनको रोटी सेकाउँदै र विभिन्न हतकण्डा अपनाउँदै संविधानमाथि नै आक्रमण गरी सत्ताको भऱ्याङ बनाउने परम्परा नेपाली राजनीतिको संस्कार बनिसकेको छ।

यही परिदृश्य अहिले पनि छर्लंग भएको छ। परिवर्तनकारी शक्ति राजनीतिक परिवर्तनको स्वाद चाखेर सत्तामा रजाइँ गर्दै जनतामा असन्तुष्ट पैदा गरिरहेका छन्। यता जनता निराश छन्। परिवर्तनकारी शक्तिले जनताको नजरमा अनैतिक, भ्रष्ट, निस्कामी हुन् भन्ने मानसिकता बनाएका छन् । पुनरुत्थानवादीहरु पहिलेकै पद्धतिको वकालत गर्दै निराश जनताको भावनामा खेलिरहेका छन् । अर्का नयाँ राजनीतिज्ञहरु पनि प्रपोगण्डासँग जनताको आशा-भरोसाका पात्र बनिरहेछन् । तर उनीहरुको राजनीतिक भिजन र मिसन भनेकै अरुले गर्न सकेनन् भने हामी गर्छौं भन्ने हो ।

यसरी जनता विभाजन हुनुमा जनताको सामुन्ने देखाएका महत्वाकांक्षा र गरेका बाचा पूर्ण गर्नुको सट्टा सत्ताधारीका गैरसंवैधानिक चरित्र र आचरण नै हो भन्ने ठोकुवा गर्न सकिन्छ । संविधान फालेर नै सत्ता प्राप्ति गरेकाले अहिले परिवर्तन गर्छु भन्नेको निशाना पनि २०७२ को संविधानसभाले बनाएको संविधानमाथि नै छ । यो व्यक्तिले गरेको गलत व्यवहार ती व्यक्तिउपर नभई संविधानमाथि छ । संविधान जस्तो बने पनि यसका प्रयोगकर्ता जनतादेखि नेतासम्म नै हुन् । संविधान बदलिएर पनि हाम्रो मानसिकता नबदलिने रहेछ भन्ने कुरा पनि हामीले देखिसकेका छौं । भोट हाल्ने जनता र सत्ता चलाउने नेता यिनै हुन् भन्ने पनि बिर्सनुहुँदैन ।

विश्वमानचित्रमा हेर्ने हो भने, सबै किसिमका राजनीतिक प्रणाणीले देश विकास गरेका छन् । लोकतान्त्रिक हुन्, समाजवादी हुन्, साम्यवादी हुन्, सैनिक शासक या राजतन्त्र नै किन नहोस्, सबै खाले प्रणाणी अपनाएका देश धराशायी पनि भइरहेका छन् । अराजकताको हिम्सा पनि सबै प्रणाणीमा देखिन्छ । जहाँ सिस्टम अपनाएर देश र जनताका पक्षमा काम गरे, ती देशले उन्नति गरे। जहाँ सत्ता केन्द्रित, स्वार्थ केन्द्रित राजनीति भए, ती पछि परेका छन् । यसबाट देशको विकास दूरदर्शिता भएका व्यक्तिले गर्ने, राजनीतिक अठोटले गर्ने, देश चलाउनेको नैतिकताले गर्ने हो भन्ने प्रस्ट हुन्छ। तर हमीकहाँ व्यक्तिले गर्न नसकेको कर्मलाई निरीह संविधानमा जोडिन्छ । संविधान विघटनको माग गरेर सत्ताको भऱ्याङ चढ्ने चक्रव्यूह रचिन्छ। संविधान फाले पनि घुमिफिरी सत्ताको हालिमुहालीमा पुग्नेहरु उही प्रक्रियामा लागेको हाम्रा सातपटक लेखिएका संविधानपछि चलेका आचरण र व्यवहारले देखाउँछन् । हरेकपटकका राजनीतिक परिवर्तनपछि आएका नेताले नैतिकता गुमाउँदै जानु, स्वार्थको राजनीति फस्टाउनु, जनताको पक्षमा काम गर्न नसक्नु/नचाहनु, नातावाद, फरियावाद, परिवारवाद, आफन्तवाद, गुट विषेशलाई ओहोदामा पुऱ्याउनु नै अहिलेको अस्थिरताको जड हो । संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान २०७२ लागू भएपछि जनतामा केही आशा पलाएको हो । महत्वपूर्ण विषय यो संविधानले नागरिकका समस्या समाधान गर्न मैलिक हकको व्यवस्था गरेको छ तर यसको कार्यान्वयन शून्य भएको छ ।

जनताका नाउँमा जारी भएको यो संविधानले जनताको आशा पलायो । समृद्ध नेपाल सुखी नेपालीका नारामा विश्वास गरी उत्साहका साथ जनताले एमाले-माओवादी मिलेको कम्युनिस्टलाई झन्डै दुई तिहाइ मत दिएर विजयी बनाए। जनतामा कम्युनिस्टप्रति मोह जाग्यो, सरकार बन्यो । त्यो सरकारको प्रमुख काम नै संविधान कार्यान्वयन थियो तर जनताका पक्षमा बनेको संविधान कार्यान्वयनमा कुनै वास्ता गरिएन। आन्तरिक विरोध, सत्तासंघर्ष, सत्ता खोस्ने/जोगाउने झगडामा दुई तिहाइ सरकारले झन्डै साढे तीन वर्ष व्यतीत गऱ्यो । संघीय कानुनहरु बनेनन् । कानुनको अभावमा प्रदेश सरकार संधीय सरकारको मातहतमा रहेजस्तै बनाइयो । संघीय सरकारमा हेरफेर हुनासाथै प्रदेशमा समेत अस्थिर हुने वातावरण तयार हुँदै गयो । संविधानले स्थापित मौलिक हक कानुनको अभावमा प्राप्त हुन नसकेको मात्र हैन, व्यवहारमा पनि देखिएन। पञ्चायती सरकारकै निरन्तरताजस्तो सरकारले तानाशाही रुप देखउँदै, ठूला-ठूला भष्टाचार काण्डहरु गर्दै दुई-दुईपटक संसद् विघटन गऱ्यो । लोकतन्त्रमा नै खतरा देखेपछि माओवादी घटकले सरकार छाड्यो । नेकपा एमाले फुट्यो । पार्टी फुटेर ओली सरकार ढल्यो ।

यो घटनाले कम्युनिस्टमाथि जनताको आशा, भरोसा टुट्यो । त्यसपछि शेरबहादुर देउवा प्रधानमन्त्री बने । देशमा पुन: तीनै तहको निर्वाचन भयो । निर्वाचनपश्चात् बनेको दाहाल-देउवा गठबन्धन सरकारको अवस्था पनि नाजुक र सत्ता केन्द्रित हुनमै सीमित भयो । यो सरकारले पनि जनताको अवस्था सुधारभन्दा अन्य ममलामा पपुलर हुन खोजेको र जनतामा आशा मात्र बाँडेर दोस्रोपटक स्थिर सरकार दिने बाचाले निर्वाचन सम्पन्न गऱ्यो । निर्वाचन साझेदार माओवादी निर्वाचनको आफ्नै प्रतिद्वन्द्वी एमालेसँग मिलेर सरकार बनायो। पुष्पकमल दाहालको सरकार बन्यो । भ्रष्टाचार अन्त्यको नारा सुनियो। भष्टाचार, तस्करको टुप्पो समातेको छ तर जरा भेट्न सकेको छैन । उल्टै सहमतीय भ्रष्टाचारको आरोप खेपेको छ । जनताको आक्रोश कम गर्न सकेको छैन । संघीयता लागू गर्ने दत्तचित्तता केही देखिँदैन । जनताको जीवनस्तर उकास्ने भन्दा भ्रष्टाचार गरी आर्थिक डामाडोलतर्फ लक्षित गठबन्धनका नाममा दुवै घटक आ-आफ्ना पार्टीका तानाशाह भएका छन् । कार्यकर्ता दुवै पार्टीका रुष्ट छन् ।

अहिलेको अवस्थामा जनताको नजरमा नेता खराब हुन् भन्ने मनोविज्ञानको प्रमुख कारण नै संघीय कानुन नबन्नु हो । संघीय कानुन नबन्नाले प्रदेशहरु सरकारको शाखाको रुपमा छन् । संविधानसम्मत शान्ति सुरक्षाको जिम्मा अझै संघीय सरकारमा निहित छ । प्रदेश तथा स्थानीय तहले आफ्नो संवैधानिक अधिकार प्रयोग गर्न पाएका छैनन् । सिंहदरबार घरघरमा पुऱ्याउने नारा प्रदेशसम्म पनि पुगेको छैन । गाउँपालिका (हालका वडा) मा रहेका अधिकार उल्टो पालिकामा पुगेर जनताले दु:ख बेहोरिरहेका छन् । संविधानमा उल्लेख भएका मैलिक हक कार्यान्वयन नहुनाले जनताले पाउने हक कुण्ठित बनाइएको छ । यी सब कारणले सरकार निकम्मा साबित भइरहेछ ।

कानुनबेगर जनताका मौलिक हक कुनै कार्यान्वयन हुन सकेका छैनन् । अनिवार्य आधारभूत शिक्षा, नि:शुल्क माध्यमिक शिक्षा, नि:शुल्क स्वास्थ्य उपचार, श्रमको ग्यारेन्टी, सीपयुक्त वैदेशिक रोजगार, मानवअधिकारको ग्यारेन्टीजस्ता जनजीविकासँग जोडिएका विषयहरु कानुनबेगर लागू हुन सक्दैनन् । यिनै कुराले गर्दा जनतामा नैराश्यता उम्लिरहेछ । यसको प्रमुख कारण नै जनता विमुख सरकार रहनु हो । हरेक नियुक्तिमा सरकार आलोचित छ । यसको परिणाममा शुभ संकेत छैन । संविधान विकासको साध्य हो, साधन होइन। यसको मार्गनिर्देशनमा तीनै तहका सरकारहरु, प्रतिपक्ष, सबै संवैधानिक निकाय र आमजनतासमेत लाग्नु जरुरी छ।

यसका लागि संविधान अक्षरश: पालना गरी कार्यान्वयन हुनुपर्दछ। संविधान कार्यान्वयन हुन सकेन भने, नीति-कार्यक्रम, बजेट बनाउँदा संविधानसम्मत हुन सकेन भने जनताले मौलिक हक, संविधानप्रदत अधिकार पाउन नसकेर नकारात्मक स्थिति पैदा हुनु स्वाभाविक हुन्छ । अहिले कांग्रेस-एमाले गठबन्धनको सरकार बन्दा देश पुन: तरंगित भएको छ । गठबन्धनका एजेन्डामध्ये प्रमुख एजेजेन्डा संविधान संशोधन छ । जबकि कार्यान्वयन नै भइनसकेको संविधानको संशोधनको औचित्य के ? भन्ने विषयमा प्रश्न उठेको छ। यसको लठैत जवाफ दिनेबाहेक गठबन्धनका दलसँग जवाफ दिन सक्ने सामर्थ्य छैन।

जनताका पक्षमा, देशको पक्षमा काम गर्न नसक्ने अनि दोषचाहिँ आफैँले वनाएको संविधानलाई दिनुको कुनै आधार छैन। संविधानले दिएको मौलिक हक कार्यान्वयन भएर जनताका जनजीविकामा सहजता आएको भए सडकमा आक्रोश देखिने थिएन। संवैधानिक निकायका कानुन बनेर कार्यान्वयनमा आएका भए विभेदको धुवाँ मत्थर भएर निभ्ने अवस्थामा पुग्ने थियो । राजनीतिक दलहरुले संविधानको जनमुखी धारा नै प्रयोग नगरी संशोधनको कुरा उठाउनु कुनै अर्थ छैन, राजनीतिक समाधान छैन ।

सरोकार पक्षले संविधान अनुकूल काम नगरेर नै यसभन्दा अघिसम्म बनेका नेपालका संविधान फारिएका हुन् । यो संविधान पनि जसले बनायो उसैबाट विकृत बनाइँदै छ। निरीह संविधानप्रति दोष थोपरेर नेताहरु आफ्नो अनुकूल शासन लम्ब्याई सत्तामा लिप्सिरहने खेल संविधान संशोधनबाट हुने खतरा देखिएको छ।

जनभावना विपरीतको वर्तमान अवस्था लम्बिँदै गयो भने सम्पूर्ण अराजक शक्ति संविधानको खिलाफमा लाग्नेछ। आशामुखी जनता पनि पछि लाग्नेछन्। यस अवस्थामा सरकार एक्लिँदै जानेछ र अराजक शक्तिको उदय हुनेछ। यसको शुरुवात देखा परिसकेको छ। अब नेताहरु नसच्चिए संघीय लोकतान्त्रिक गणतन्त्र नै समाप्त हुनेछ। नेतामा परिवर्तन र संविधानको पूर्ण कार्यान्वयन अहिलेको आवश्यकता हो, संविधान संशोधन होइन।

जन आकाश Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक वर्ष -१७, अंक- १, २०८१ साल साउन ८ गते मंगलबार (Jul 23, 2024)

बैंक वित्त

# नबिल बैंक एकैसाथ तीन अन्तराष्ट्रिय अवार्ड र एक राष्ट्रिय अवार्डबाट सम्मानित




**काठमाडौं–** नबिल बैंक लिमिटेडले एकसाथ ४ वटा प्रतिष्ठित अवार्डहरू प्राप्त गरेको छ। ४०औं वार्षिकोत्सवका कार्यक्रमहरू मनाउँदै गर्दा बैंकले यी महत्वपूर्ण अवार्डहरू जित्न सफल भएको हो। यस उपलब्धिले बैंकको वित्तीय पारदर्शिता, जवाफदेहिता, सुशासन, र उत्कृष्ट सेवाको मान्यता थप सुदृढ गरेको छ।

बैंकको ४० वर्षे अनवरत यात्रामा धेरै उपलब्धि हासिल भएको नबिल बैंकका प्रमुख कार्यकारी अधिकृत ज्ञानेन्द्रप्रसाद ढुंगानाले बताए। ढुंगानाले भने 'नवीन प्रयोग र ग्राहकको सुविधामा हाम्रो ध्यानले हामीलाई यी अवार्डहरू दिलाएको छ, जुन हाम्रा कर्मचारीको अथक मेहनतको फल हो। सबैलाई बधाई दिन चाहन्छु।'

**४0 औ वार्षिकोत्सवको अवधिमा बैंकले पाएका अवार्डहरू**

१. **नेशनल वेस्ट प्रिजेन्टेड एनुअल रिपोर्ट अवार्ड (एनबिपिए)**, २०२३

नबिल बैंकले नेपाल चार्टर्ड एकाउन्टेन्ट संस्था (आइक्यान)बाट वाणिज्य बैंकतर्फको उत्कृष्ट वित्तीय प्रतिवेदन अवार्ड (गोल्ड) जितेको छ। यो अवार्ड बैंकलाई आर्थिक वर्ष २०२२-२३ मा प्रकाशित वार्षिक प्रतिवेदनका आधारमा प्रदान गरिएको हो। बैंकको वित्तीय पारदर्शिता, जवाफदेहिता र सुशासनलाई सम्मान गर्दै यो अवार्ड प्रदान गरिएको हो। काठमाडौंमा आयोजित एक विशेष समारोहमा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले उक्त अवार्ड हस्तान्तरण गरे। नबिल बैंकका तर्फबाट नायव प्रमुख कार्यकारी अधिकृत मनोजकुमार ज्ञवाली र वित्त तथा योजना विभाग प्रमुख सन्दीपबाबु पौडेलले अवार्ड ग्रहण गरे।

२. **वेस्ट कमर्सियल बैंकिङ ब्राण्ड अवार्ड नेपाल**, २०२४

नबिल बैंकले संयुक्त अधिराज्य (युके)को ग्लोबल ब्राण्ड्स म्यागेजिनबाट यस वर्षको वेस्ट कमर्सियल बैंकिङ ब्राण्ड अवार्ड नेपाल, २०२४ प्राप्त गरेको छ। ग्लोबल ब्राण्ड्स म्यागेजिन ठुलो प्रकाशन गृहमध्येको एक हो। यसले हरेक वर्ष बैंकिङ क्षेत्रका अग्रणी, उत्कृष्ट सेवा तथा दृष्टिकोण प्रदर्शन गर्ने बैंकहरूका लागि अवार्ड आयोजना गर्दै आइरहेको छ। यस सम्मानले बैंकिङ क्षेत्रमा नबिल बैंकको उत्कृष्ट सेवा र दूरदर्शी दृष्टिकोणलाई थप सुदृढ बनाएको छ। अवार्डका लागि बाह्य अनुसन्धान तथा मूल्यांकन टोलीले गरेको सिफारिसका आधारमा बैंकले यो अवार्ड प्राप्त गरेको हो।

३. **नेपालको वेस्ट बैंक फर कर्पोरेट सोसियल रेस्पोन्सिबिलिटी (सिएसआर), युरोमनि अवार्ड फर एक्सिलेन्स**, २०२४

नबिल बैंकले युरोमनि अवार्ड फर एक्सिलेन्स २०२४ अन्तर्गत नेपालको वेस्ट बैंक फर कर्पोरेट सोसियल रेस्पोन्सिबिलिटी (सिएसआर) प्राप्त गरेको छ। सामाजिक उतरदायित्व अन्तर्गत देशमा पुऱ्याएको योगदानको कदर स्वरुप यो अवार्ड बैंकले हासिल गरेको हो। संस्थागत सामाजिक उत्तरदायित्वका कार्यक्रमलाई दिगो विकासका लक्ष्य केन्द्रित गर्दै समाजको सकारात्मक परिवर्तनका लागि बैंकले स्वास्थ्य, शिक्षा, उद्यमशीलता, संस्कृति जर्गेना तथा प्रवर्द्धन, सूचना प्रविधि आदि कार्यक्रमहरु सञ्चालन गर्दै समाजमा टेवा पुऱ्याउँदै आएको छ। बैंकले नबिल स्कुल अफ सोसल इन्टरप्रेनरसिप (नबिल एसएसइ) कार्यक्रम २०७८ मंसिर देखि सुरु गर्दै सामाजिक उद्यमशीलतालाई देशव्यापीरुपमा सञ्चालन गर्दै आएको छ।

४. **नेपालको वेस्ट बैंक फर एसएमइज, युरोमनि अवार्ड फर एक्सिलेन्स**, २०२४

नबिल बैंकले युरोमनि अवार्ड फर एक्सिलेन्स २०२४ अन्तर्गत नेपालको वेस्ट बैंक फर एसएमइजतर्फको अवार्ड पनि हासिल गर्न सफल भएको छ। सन् १९९२ मा स्थापना गरिएको यो अवार्ड विश्व बैंकिङ क्षेत्रमा सुरु गरिएको पहिलो अवार्ड हो। जसले, बैंकको गुणस्तरीय सेवा, सृजनात्मकता र ग्राहकप्रतिको विशेषज्ञतालाई सम्मानित गर्दछ। यो अवार्ड विश्वका १०० वटा देशमा सञ्चालन हुँदै आएको छ।

'बैंकले नवीनतम कामका लागि देखाएको प्रतिबद्धता, सामाजिक उतरदायित्व अन्तर्गत पुऱ्याएको योगदान, गुणस्तरीय ब्राण्डिङ्ग र साना तथा मझौला व्यवसाय विस्तारमा गरेको उत्कृष्ट प्रदर्शनले यी अन्तराष्ट्रिय अवार्डहरु पाएकोमा हामीलाई थप उर्जा मिलेको छ,' ढुंगानाले बताए।

नबिल बैंक नेपालको अग्रणी वाणिज्य बैंकहरूमध्ये एक हो। बैंकले २४ लाख भन्दा बढी सेवाग्राहीलाई २६८ शाखा र ३१६ एटिएममार्फत सेवा प्रदान गर्दै आएको छ। नबिल बैंकले ४० वर्ष देखि नेपाली बैंकिङ क्षेत्रमा नवीनतम सेवाहरूको सुरुवात गर्दै महत्वपूर्ण भूमिका खेलेको छ। बैंकले नेपालको बैंकिङ विकासमा महत्वपूर्ण योगदान पुऱ्याउँदै आएको छ।

# ग्लोबल आइएमई बैंक र इशान अस्पतालबीच समझदारी

**काठमाडौं–** ग्लोबल आइएमई बैंक लिमिटेड र इशान बाल तथा महिला अस्पतालबीच ग्लोबल आइएमई बैंकका ग्राहकहरुलाई अस्पतालमा उपलब्ध विभिन्न स्वास्थ्य सेवामा छुट प्रदान गर्ने सहमती पत्रमा हस्ताक्षर सम्पन्न भएको छ।

उक्त समझदारीमा बैंकका प्रमुख बजार अधिकृत दिलिप पोखरेल र अस्पतालका प्रमुख परिचालन अधिकृत श्रीराम पन्तले हस्ताक्षर गरेकाछन्। उक्त अवसरमा अस्पतालका निर्देशक प्रा. डा. रामनन्दन पी. चौधरीको विशेष उपस्थिति रहेको थियो।

यस सम्झौता अनुसार, अस्पतालले बैंकका डेबिट-क्रेडिट कार्ड एव्म बैंकको मोबाइल एप (ग्लोबल स्मार्ट प्लस) प्रयोगकर्ताहरुलाई औषधी उपचारका लागि अस्पतालमा १० प्रतिशतसम्म छुट प्रदान गर्नेछ।

अस्पतालले बैंकका ग्राहकहरुलाई अस्पतालको शैया शुल्क, अस्पताल सेवाहरुः डायगोनेस्टिक, ओ.पी.डी लगायतका सेवाहरु साथ-साथ आकस्मिक सेवाहरुमा १० प्रतिशतसम्मको छुट प्रदान गर्नेछ।

"यस साझेदारी पश्चात् ग्लोबल आइएमई बैंकका ग्राहकहरुले गुणस्तरीय स्वास्थ्य सेवा सुबिधाहरु उचित दरमा प्राप्त गर्ने र अस्पतालले स्वास्थ्य सेवा तथा सुविधाहरु विस्तार गर्न ग्लोबल आइएमई बैंकसँग सहकार्य गर्न पाउँदा खुसी छौं" इशान अस्पतालका निर्देशक प्रो.डा. रामनन्दन पि. चौधरीले भने।

चौधरीले यो पहलले पहँच योग्य स्वास्थ्य सेवा प्रदान गर्ने अस्पतालको प्रतिबद्धतालाई प्रतिबिम्बित गर्ने कुरा समेत स्पष्ट पारे। यसैगरी, ग्लोबल आइएमई बैंकका प्रमुख बजार अधिकृत दिलिप पोखरेलले, "इशान अस्पतालसँगको साझेदारीले बैंकका ग्राहकहरुलाई लाभान्वित गर्ने र बैंकको कार्ड तथा मोबाईल बैंकिङ्ग सेवाको प्रयोगकर्ता वृद्धि हुने" विश्वास बैंकले लिएको जानकारी दिए।

ग्राहकवर्गको सुविधालाई मध्यनजर गरी बैंकले यस्ता किसिमका विभिन्न समयसान्दर्भिक साझेदारी योजनाहरु ल्याएर ग्राहकहरुलाई प्रत्यक्षरुपमा लाभान्वित गर्दै आएको छ। ग्लोबल आइएमई बैंक मुलुकको सतहत्तरै जिल्लामा शाखा सञ्जाल रहेको निजी क्षेत्रको पहिलो वाणिज्य बैंक हो।

बैंकको ३५४ शाखा कार्यालय, ३८४ एटिएम, २७७ शाखा रहित बैंकिङ्ग सेवा, ६८ एक्सटेन्सन तथा राजश्व संकलन काउन्टर तथा ३ वटा बैदेशिक प्रतिनिधि कार्यालय समेत गरी १,१०० भन्दा बढि सेवा केन्द्रबाट सेवा प्रदान गरिरहेको छ।

यसैगरि, 'सबैका लागि बैंक' को नारालाई सार्थक बनाउँदै बैंकले विभिन्न सेवा तथा सुविधा सहितका योजना मार्फत आफ्ना ग्राहकलाई उत्कृष्ट सेवा प्रदान गरी प्रत्यक्षरुपमा लाभान्वित गरिरहेको छ।

त्यसैगरी बैंकले संयुक्त राज्य अमेरिका, संयुक्त अधिराज्य, क्यानडा, अष्ट्रेलिया, मलेसिया, दक्षिण कोरिया, जापान, साउदी अरेबिया, कतार, युएई, बहराइन, कुवेत, भारत, जोर्डन, हङकङ लगायतका मुलुकबाट रेमिट्यान्स भित्र्याउँदै देशको अर्थ व्यवस्थामा महत्वपूर्ण योगदान पुऱ्याउँदै आइरहेको छ।

कर्पोरेट

# प्रमोकोड (Fonepay Direct) प्रयोग गरेर iPhone 15 Pro जित्न सकिन




**ललितपुर–** नेपालको सबैभन्दा ठूलो भुक्तानी संचालक, फोनपे ले आफ्नो प्रमुख अभियान "फोन पे डिरेक्टस् पैसा पठाऔँ ठाउँ को ठाउँ" को घोषणा गरेको छ।

यो अभियानले प्रयोगकर्ताहरूलाई मोबाइल नम्बर, खाता नम्बर, र व्यक्तिगत क्यु- आर मार्फत अन्तर बैंक रकम ट्रान्सफर सेवा बारे थप प्रोत्साहन गर्ने लक्ष्य राखेको छ। यो अभियानले मोबाइल नम्बरबाट रकम ट्रान्सफर गर्दा तुरुन्त र सुरक्षित हुने र सबै प्रयोगकर्ताहरूलाई सजिलो हुने कुरा विशेष रूपमा बताएको छ।

यो अभियान २ महिनासम्म चल्नेछ र भदौ ३१ मा समाप्त हुनेछ। यस अभियानको अन्त्यमा दुईजना भाग्यशाली विजेतालाई ष्एजयलभ ज्ञछ एचय दिने मेगा उपहार योजना छ। यो मेगा उपहार जित्ने मौका पाउनका लागि प्रयोगकर्ताहरूले ँयलभउबथ म्ष्चभअत बाट पैसा पठाउदा रिमार्क्स सेक्शनमा विशेष प्रमोकोड (ँयलभउबथ म्ष्चभअत) राख्नुपर्नेछ र अभियान अवधिमा मोबाईल बैंकिङ् एप प्रयोग गरेर ँयलभउबथ म्ष्चभअत मार्फत मार्फत कम्तीमा तीन पटक पैसा ट्रान्सफर गर्नु पर्नेछ।

"हामी "फोन पे डिरेक्टस् पैसा पठाऔँ ठाउँ को ठाउँ" विशेष अभियान पुनः ल्याउन पाउँदा उत्साहित छौं फोन पेका चिफ इसट्राटेजी अफिसर सुबोध शर्माले भने, यो अभियानले नेपाली उपभोक्ताहरूका लागि डिजिटल कारोबारलाई अझ पहुँच योग्य बनाउने हाम्रो प्रतिबद्धतालाई दर्साएको छ र फोन पे डिरेक्ट लाई तुरुन्त, सुरक्षित र सुविधाजनक रकम ट्रान्सफरको लागि प्रमुख विकल्पको रूपमा स्थापित गर्ने लक्ष्य राखेको छ। हामीलाई विश्वास छ कि प्रयोगकर्ताहरू हाम्रो सेवाका विशेषताहरूबाट खुशी हुने छन्।

बैंक परिसरहरुबाटै आक्टिभेसन मार्फत फोन पे डिरेक्टबाट एक बैंकबाट अर्को बैंकमा कसरी पैसा पठाउन सकिन्छ भन्ने कुराको सिकाईलाई ग्राहकहरु माझ थप उजागर गर्ने यस अभियानको मुख्य उद्देश्य हो।

फोनपेले सँधै आफ्नो ग्राहकहरूको वित्तीय कारोबारको सुरक्षालाई प्राथमिकता दिन्छ र उच्च स्तरको एन्क्रिप्शन र प्रमाणीकरण प्रोटोकलहरू समावेश गरेर मोबाइल नम्बर मात्र प्रयोग गरेर सुरक्षित र संरक्षित रकम ट्रान्सफरलाई सुनिश्चित गर्दछ।

# युवा उद्यमी मञ्चको अध्यक्षमा कुशल श्रेष्ठ




**काठमाडौं–** नेपाल उद्योग वाणिज्य महासंघअन्तर्गतको युवा उद्यमी मञ्चको अध्यक्षमा कुशलसुन्दर श्रेष्ठ नियुक्त भएका छिन्। काठमाडौंमा साउन ४ गते शुक्रबार सम्पन्न मञ्चको २०औं वार्षिक साधारणसभाका अवसरमा साविक नेतृत्वले उनलाई अध्यक्ष नियुक्त गरेको हो।

मञ्चको प्रथम उपाध्यक्षमा निभिता प्रधान, द्वितीय उपाध्यक्षमा आभूषणज्योति कंसाकार र महिला उपाध्यक्षमा रिचा श्रेष्ठ नियुक्त भएका छन्। मञ्चको विधानअनुसार प्रमुख कार्यसम्पादन सूचकांक (केपीआई)का आधारमा साविकका अध्यक्ष र उपाध्यक्षहरु संलग्न नेतृत्वले आगामी नेतृत्व र कार्यसमिति सदस्य नियुक्त गर्छ। कार्यसमितिको अवधि एक वर्ष हुन्छ।

मञ्चको कार्यसमिति सदस्यमा सुदिप घिमिरे, कृष्ण सापकोटा, पवित्र बहादुर गौतम, बिलाशाश्रेष्ठ, युनेशराज श्रेष्ठ र सुबिन श्रेष्ठ नियुक्त भएका छन्। नयाँ कार्यसमितिमा निवर्तमान अध्यक्ष सहारा जोशी पदेन सदस्यका रुपमा रहन्छिन्।

पद तथा गोपनीयताको शपथ ग्रहणपछि नवनियुक्त अध्यक्ष श्रेष्ठले "आकांक्षा" थिममा आफ्नो कार्ययोजना "भिजन २०२५" सार्वजनिक गरेका छन्। उत्कृष्टता, प्रगति र नवीनतालाई जोड दिएको उनको कार्ययोजना कोलक्ष्य मञ्चका प्रत्येक सदस्यलाई सम्भावनाको अधिकतम उपयोग गर्न सक्ने तहमा पुग्ने गरी सशक्तीकरण गर्नु रहेको छ।

"आगामी वर्षका लागि मञ्चका सदस्यलाई उच्चतम लाभ दिलाउन आकांक्षा थिम प्रस्तुत गर्न पाउँदा म निकै उत्साहित छु," नवनियुक्त अध्यक्ष श्रेष्ठले भने। यो थिम चयन गरेर नयाँ नेतृत्वले मञ्चका सदस्यको व्यक्तिगत र सामूहिक आकांक्षालाई स्वीकार गरेको उनले बताए।

"आकांक्षाले उत्कृष्टता, प्रगति र नवीनताको हाम्रो अथक प्रयासलाई जनाउँछ," अध्यक्ष श्रेष्ठले भने। मञ्चका हरेक पहल, कार्यक्रम र गतिविधिले सदस्यहरुले पाउने लाभको मात्रा बढाउने, व्यक्तिगत एवं पेसागत प्रगतिलाई सघाउने कुरा सुनिश्चित गर्न आफू प्रतिबद्ध रहेको उनले बताए।

नेटवर्किब, सिकाइ तथा विकास, प्रगति र संस्थाको प्रवर्द्धन तथा ब्रान्डिबलाई श्रेष्ठले प्राथमिकताको क्षेत्र भनेका छन्। नयाँ कार्यसमितिले मित्र प्रणाली, मेन्टरसिप कार्यक्रम, मिनी ओलम्पिक, उद्यमशीलता सम्बन्धी छलफल, खेल गतिविधि, मनाबसम्मको मोटर ऱ्याली र अन्तर्राष्ट्रिय यात्राका कार्यक्रमहरु गर्नेछ।

। घोषित लक्ष्य प्राप्तिका लागि अन्तर्राष्ट्रिय स्तरका वक्ताको प्रवचन, कक्षाकोठा र प्रयोगमा आधारित सिकाइ कार्यक्रम पनि सञ्चालन गर्ने योजना छ। च्याप्टर संख्या हालको १३ बाट १७ र सदस्य संख्या १५०० पुऱ्याउने नयाँ कार्य समितिको लक्ष्य छ।

अध्यक्ष श्रेष्ठले संस्थाको सफलता र व्यक्तिगत प्रगतिका लागि मञ्च का कार्यक्रमहरुमा सबै सदस्यलाई सक्रिय सहभागी हुन आग्रह गरे। चुनौतीका बाबजुद सबै प्रयासमा उच्चतम मूल्य प्राप्त गर्ने सामूहिक आकांक्षा राख्न पनि सदस्यहरुलाई सुझाए।

सोही सत्रलाई सम्बोधन गर्दै उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले राष्ट्रिय आवश्यकता पूरा गर्नका लागि सरकारले निजी क्षेत्रसँग सहकार्य गर्ने हुँदा आशावादी रहन उद्यमी व्यवसायीलाई आग्रह गरे।

मन्त्रालयले सरकारसँगका अपेक्षा के के छन् भनेर निजीक्षेत्रसँग सुझाव मागेको पनि उनले सुनाए। मन्त्रालयले समस्याको गहिराई पत्ता लगाउँदै नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल उद्योग परिसंघ, नेपाल चेम्बर अफ कमर्स, पूर्वमन्त्री, सचिवहरु र पार्टीका घोषणापत्रका आधारमा साझा निष्कर्ष निकालेर लगानी मैत्री वातावरण निर्माण गर्ने पनि उनले बताए।

नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले महासंघको संशोधित विधानले महासंघका कार्यसमितिमा मञ्चको अनिवार्य प्रतिनिधित्वको व्यवस्था गरेका बताए। आगामी साधारण-सभाबाट उक्त संशोधन पारित भएपछि महासंघ कार्यसमितिमा नेपाल युवा उद्यमी मञ्चको अनिवार्य प्रतिनिधित्व रहने उनको भनाइ छ।

नेपाल उद्योग वाणिज्य महासंघका वरिष्ठ उपाध्यक्ष अन्जन श्रेष्ठले नेपालमा उद्यमशीलता प्रवर्द्धनमा मञ्चको योगदान प्रसंसनीय रहेको बताए। मञ्चका संस्थापक अध्यक्ष गौरव अग्रवाल र निवर्तमान अध्यक्ष सहारा जोशीले आर्थिक वृद्धिलाई अगाडि लैजान र दिगो विकासका लगि सरकार, निजी क्षेत्र र युवा उद्यमीबीच सहकार्यको आवश्यकतामा जोड दिए।

उक्त सत्रमा युवा उद्यमी मञ्चका विभिन्न च्याप्टरलाई सम्मानित गरिएको थियो। ललितपुर च्याप्टरले बेस्ट भ्यालु मेम्मर्स च्याप्टर २०२४ उपाधि पायो भने जनकपुर च्याटरलाई बेस्ट रिभाइभिब च्याप्टरको रुपमा सम्मानित गरियो।

रुपन्देही च्याप्टरले बेस्ट आइडिया एन्ड इन्नोभेसन च्याप्टर तथा काठमाडौं र जनकपुरले संयुक्त रुपमा बेस्ट च्याप्टरको अवार्ड पाए। हाल देशभर मञ्चका १३ च्याप्टर छन्भने ८५० भन्दा बढी युवा उद्यमी सदस्यको रुपमा आबद्ध छन्। मञ्चमा आवद्ध उद्यमीबाट सञ्चालित उद्योग, व्यवसायमा ३० हजारभन्दा बढीले रोजगारी पाएका छन्।

# नारायणगढ-बुटवल सडकको प्रगति ६ वर्षमा ५३ प्रतिशत मात्र



**काठमाडौं–** नारायणगढ-बुटवल सडक विस्तार थालेको ६ वर्ष भयो । अझै काम सकिएको छैन । अहिले दाउन्ने खण्डमा बर्खाले गर्दा हिलो र लेदोका कारण सवारी चलाउन समस्या छ । विस्तार गर्न सडक छेउका पहरो भत्काइँदा चोरमारा खण्डमा हिलोका कारण सवारीसाधन चिप्लने गरेका छन् ।

अहिले बढी समस्या यही खण्डमा छ । पानी पर्नासाथ हिलोले गर्दा यो खण्डमा सवारीसाधन ओहोदोहर गर्न हम्मेहम्मे पर्ने गरेको छ । उक्त सडकको विस्तार ०७५ चैत ८ मा सुरु भएको हो । तर समग्रमा प्रगति सोचेअनुरूप छैन । अहिलेसम्म निर्माण प्रगति ५३ प्रतिशत मात्र छ । ११३ किलोमिटर सडक विस्तारको ठेक्का चाइना स्टेट कन्स्ट्रक्सन इन्जिनियरिङ कर्पोरेसनले लिएको हो । पटकपटक ताकेता गर्दा पनि निर्माण व्यवसायीले काम सकेका छैनन् ।

प्रतिनिधिसभा र राष्ट्रिय सभाका विभिन्न समिति सभापति नेतृत्वको टोलीले पटक(पटक अनुगमन गरेर छिटो काम सक्न निर्देशन दिए पनि कामको गति बढ्न सकेको छैन । भौतिक मन्त्री फेरिए पिच्छे यो सडकको अनुगमनमा पुगेर काम सक्न निर्देशन दिए पनि निर्माण व्यवसायीले सुने नसुनेझैं गर्ने गरेका छन् ।

दोस्रो पटक थपेको म्याद मंगलबार सकिँदै छ । फेरि म्याद थप गर्नेबारे छलफल भइरहे पनि निर्णय भइनसकेको आयोजना निर्देशनालय (एडीबी) का आयोजना प्रमुख चूडाराज ढकालले बताए । ‘ एक वर्षभित्र निर्माण व्यवसायीले काम सक्छु भनेर प्रतिबद्धता जनाए म्याद थप्न सकिन्छ,’ उनले भने, ‘अहिलेसम्म दुवै साइड गरेर २६.५ किमि सडक कालोपत्र भएको छ ।’ एसियाली विकास बैंक (एडीबी) को ऋण सहयोगमा सडकको स्तरोन्नति थालिएको हो ।

सुरु ठेक्काअनुसार ०७९ साउन २२ भित्र काम सकिसक्नुपर्ने थियो । यसको दुई खण्ड गरेर ठेक्का रकम १६ अर्ब ९९ करोड ५२ लाख ९६ हजार रुपैयाँ छ । ‘कामको गति सोचेअनुरूप छैन,’ ढकालले भने, ‘पैसाको समस्या भयो भन्दै निर्माण व्यवसायी आइरहेका छन्, तर हामी छिटो काम सक्न दबाब दिइरहेका छौं ।’ म्याद थप गर्नेबारे भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय,सडक विभाग तहबाटै निर्णय हुने छ । ‘आज भोलिमै म्याद थपबारे निर्णय हुने छ,’ ढकालले भने, ‘तर, निर्माण व्यवसायीले कामको प्रगति बढाउनु पर्ने छ ।’

चिनियाँ ठेकेदार कम्पनी चाइना स्टेट इन्जिनियरिङ कर्पोरेसनका परामर्शदाता इन्जिनियर राकेश झाले कम्पनिले डेढ वर्ष म्याद थप गर्न मन्त्रालयसँग माग गरिएको जानकारी दिए । ‘ हामीले डेढ वर्ष म्याद थप्न समय माग गरेका छौं,’ उनले भने, ‘मन्त्रालयले एक वर्ष थप्ने भनेको छ ।’

दाउन्ने र चोरमारा बजारसम्मको २१ किलोमिटर सडकखण्डमा जताततै खाल्डैखाल्डा छन् । सडकमा पानी जमेको छ । त्यो खण्ड पार गर्न ३ घण्टाभन्दा बढी समय लाग्ने गरेको गुनासो यात्रुहरूको छ । यो खण्ड भएर ओहोरदोहोर गर्ने यात्रुले अघिपछि पनि सास्ती खेप्दै आएका थिए । अहिले बर्खाले झन बढी सास्ती खेप्नु परेको दुःखेसो यात्रुको छ ।


हिलोले समस्या भएको खण्डमा पानी परेको समयमा काम नगर्न भनिएको भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सहसचिव एवं प्रवक्ता सुशीलबाबु ढकालले बताए । ‘हिलो र सडकभन्दा माथिबाट बगेर आउने लेदो माटोका कारण केही स्थानमा सवारी चिप्लने समस्या छ,’ उनले भने, ‘त्यस्तो ठाउँमा अहिले सवारी आवागमन सहज बनाउने हो,पानी परीरहेको बेला काम नगर्न भनेका छौं ।’

# डेंगु संक्रमित १६ सय ५७ पुगे

**काठमाडौं–** लगातार पानी पर्न थालेसँगै डेंगु संक्रमण पनि बढ्दै गएको छ। इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका अनुसार देशभर डेंगु संक्रमितको संख्या एक हजार ६५७ पुगेको छ ।

डेंगु संक्रमण मुस्ताङ, डोल्पा, जुम्ला र हुम्लाबाहेक सबै जिल्लामा फैलिइसकेको महाशाखाले जनाएको छ। यस वर्ष सरदरभन्दा बढी वर्षा हुने आकलन गरिएकाले मनसुनको समयमा लामखुट्टेको प्रजनन अवस्था अनुकूल बन्न सक्ने र डेंगुको संक्रमण पनि बढ्न सक्ने चिकित्सकहरूले जनाएका छन् ।

हालसम्म सबैभन्दा बढी काठमाडौंमा १९६ जनामा डेंगु देखिएको छ। झापामा १२८, चितवनमा ९२ र मकवानपुरमा ७३ जनामा संक्रमण देखिएको हो । गत वर्षको तुलनामा भने यो वर्ष संक्रमणदर कम देखिएको छ ।




महाशाखाको तथ्यांकअनुसार गत वर्षको जुनमा एक हजार ३२ जनामा संक्रमण देखिएकोमा यो वर्ष जम्मा ३२२ जनामा देखिएको हो । गत वर्ष जुलाईमा ६ हजार ४५९ जनामा संक्रमण देखिएकोमा यस वर्ष जुलाईको तेस्रो साता बितिसक्दासम्म २४३ जनामा मात्र संक्रमण देखिएको हो । यद्यपि, संक्रमणको समय अझै बाँकी रहेकाले लामखुट्टेबाट बच्न आफ्नो घरवरिपरि तथा कार्यस्थलमा सफा पानी जमेका ठाउँ सफा राख्न महाशाखाले अनुरोध गरेको छ ।

यस्तै, लामखुट्टेले फुल पार्न सक्ने ठाउँमा पानी जम्न नदिने, घरको झ्यालढोकामा लामखुट्टे नछिर्ने जाली हाल्ने, जुनसुकै वेला झुलको प्रयोग गर्ने र पूरै शरीर छोपिने लुगा लगाउनेजस्ता सुरक्षाका उपाय अपनाउन अपिल गरिएको छ ।

# मातृशक्तिले गरे विष्णु सहस्र नामको ऐतिहासिक पाठ



काठमाडौं- एक जना बालिकाको संस्कृत शिक्षाको प्रश्नले एउटा अभियानको थालनी गरेको छ। त्यही अभियान अन्तर्गत सञ्चालन भएको घर घरमा गुरुकुल शिक्षाबाट घरमा नै बसेर संस्कृत अध्ययन गरेका १०८ मातृशक्तिले शनिबार १०८ आवृत्ति विष्णुसहस्रनाम स्तोत्र एकै स्वर र लयमा पाठ गरे ।

त्रिशक्ति एकादशी संस्कृति समाजले पशुपतिनाथ परिसरमा रहेको श्रीशङ्कराचार्य मठमा आयोजित कार्यक्रममा १०८ जनाले वाचन गर्ने कार्यक्रम रहेको भए पनि १२३ जनाले पाठ गरेको जनाइएको छ। आयोजकका अनुसार नेपालमा यसरी यतिको सङ्ख्यामा महिलाबाट वाचन भएको यो पहिलो पटक हो ।

घरघरमा गुरुकुलका संस्थापक आचार्य कपिलदेव सुवेदीका अनुसार २०७६ सालमा कोरानाकालमा पाँच वर्षीया बालिका सान्भी सुमन प्रसाईले संस्कृत शिक्षा कहाँ लिन पाइन्छ ? भनी गरेको प्रश्नका आधारमा घरमा नै संस्कृत सिकाउने अभियान थालिएको हो । त्यस अभियान अन्तर्गत महिलाले घरमा नै बसेर अनलाइनबाटै संस्कार शिक्षा, नित्यकर्म, दुर्गा शप्तसती, श्रीमद् भागवत गीता लगायतका संस्कृतका स्तोत्रको अध्ययन तथा कथा वाचन समेत गरिरहेका छन् ।

हालसम्म २५ वटा कक्षाबाट पाँच सयभन्दा बढी महिलाले त्यस्तो ज्ञान र वाचन सिकेका छन् । हाल समाजका काठमाडौं, मकवानपुर र चितवनमा शाखा रहेका छन् भने ललितपुर र भक्तपुरमा शाखा गठनको तयारी भइरहेको छ। संस्कार शिक्षा नेपालबाट मात्र नभई अमेरिकाबाट पनि सञ्चालनमा रहेको आचार्य कपिलदेवले जानकारी दिएका हुन् ।

श्री १००८ डा. रामानन्द गिरीको परिनिर्वाणको सातौं वार्षिक समारोहको अवसर पारेर आयोजित समारोहमा संस्कृत शिक्षाका साधकलाई अभिनन्दन पनि गरिएको थियो ।

श्री १००८ स्वामी रमणानन्द गिरी र घर घरमा गुरुकुल अभियानका संयोजक आचार्य कपिलदेवले प्रा. शिवगोपाल रिसाल, प्रा. भवानीप्रसाद खतिवडा, समाजसेवी रामप्रसाद सुवेदी, मधुसूदन सुवेदी, शान्ति सुवेदी र अभियानको बीजारोपण गर्ने सान्भी सुमन प्रसाईलाई अभिनन्दन गरिएको थियो ।

## खेलकुद

### दोस्रो टेस्टमा जितसँगै इंग्ल्यान्डलाई शृंखला



**काठमाडौं –** इंग्ल्यान्डले दोस्रो टेस्टमा वेस्ट इन्डिजलाई ट्रेन्ट ब्रिजमा आइतबार २ सय ४१ रनले पराजित गरेको छ। यससँगै इंग्ल्यान्डले तीन टेस्टको शृंखलामा २-० को निर्णायक अग्रता पनि लिएको छ ।

जितका लागि ३ सय ८५ रनको लक्ष्य पाएको वेस्ट इन्डिज आफ्नो दोस्रो इनिङ्समा १ सय ४३ रन बनाएर अलआउट भयो । उसले चौथो दिन २३ ओभरको अन्तरमा सबै १० विकेट गुमाएको थियो ।

पाहुना टिमलाई धरासायी बनाउन २० वर्षीय अफ स्पिनर शोएब बासिरले निर्णायक भूमिका खेले । उनले ४१ रन खर्चेर पाँच विकेट लिए । यसअघि इंग्ल्यान्डले आफ्नो दोस्रो इनिङ्समा ४ सय २५ रन बनाएको थियो ।

वेस्ट इन्डिजले सुरुआती दुई इनिङ्सको समाप्तीमा ४१ रनको अग्रता लिएर पनि यो टेस्ट गुमाएको हो । पूरा टेस्टमा १ सय ७२ रन बनाएका ओली पोप प्लेयर अफ द म्याच भए ।

अब तेस्रो तथा अन्तिम टेस्ट शुक्रबार एजबास्टनमा सुरु हुनेछ ।

### नेपालमाथि पाकिस्तानको सहज जित

**काठमाडौं–** पाकिस्तानले महिला एसिया कपमा क्रिकेटमा आइतबार नेपालको चुनौतीलाई सहजै पन्छाएको छ । गुल फेरोजा र मुनिबा अलीले पहिलो विकेटमा १ सय ५ रनको साझेदारी गरेपछि पाकिस्तानले श्रीलंकामा भइरहेको प्रतियोगितामा नेपाललाई ९ विकेटले पराजित गर्‍यो । प्रतियोगितामा पाकिस्तानको यो पहिलो विजय हो ।

पाकिस्तानले टस जितेपछि ब्याटिङमा आएको नेपालले आइतबार रनगिरी दम्बुला अन्तर्राष्ट्रिय क्रिकेट रंगशालामा ६ विकेट गुमाई १ सय ८ रन बनाएको थियो । फेरोजाको अर्धशतकमा पाकिस्तानले १२ ओभरमै १ सय १० रन बनाएर खेल जितेको हो ।

पाकिस्तान जितभन्दा ४ रनमात्र टाढा भएको समयमा फेरोजा आउट भएकी थिइन् । ३० बलमा अर्धशतक पूरा गरेकी उनले कुल ३५ बल खेलेर १० चौका प्रहार गरिन् । उनलाई कविता जोशीले कविता कुँवरबाट क्याच गराइन् । मुनिबा ३४ बल खेली ८ चौका प्रहार गरी ४६ रनमा अविजित ४६ रनमा अविजित रहिन् ।

नेपाल यस खेल जितेको भए सेमिफाइनलमा पुग्ने थियो । तर अब मंगलबार हुने समूहचरणको अन्तिम खेलमा भारतलाई पराजित गरेमा मात्र नेपालको सेमिफाइनल पुग्ने सम्भावना रहन्छ । नेपालले पहिलो खेलमा यूएईलाई ६ विकेटले पराजित गरेको थियो । समूह ‘ए’ मा भारत दुवै खेल जितेर शीर्ष स्थानमा छ। पहिलो खेलमा पाकिस्तानलाई ७ विकेटले पराजित गरेको भारतले आइतबार भएको पहिलो खेलमा यूएईलाई ७८ रनले पराजित गरेको थियो ।

यसअघि नेपालबाट कविता जोशी ३१ रन बनाई अविजित रहिन् । उनले २३ बल खेली ४ चौका र १ छक्का प्रहार गरिन् । कविता र पुजा महतोले छैटौं विकेटमा ३२ बलमा ३४ रनको साझेदारी गरिन् । अन्तिम ओभरमा रनआउट भएकी पुजाले ३२ बल खेली ३ चौका प्रहार गर्दै २५ रन बनाइन् ।



यूएईविरुद्धको पहिलो खेलमा अविजित ७२ रन बनाएकी सम्झना खड्का ४ रनमै आउट भइन् । कविता कुँवरले १३ बल खेली ३ चौका प्रहार गरि १३ रन जोडिन् । कप्तान इन्दु बर्मालाई शुन्यमा सादिया इकबालले बोल्ड गरिन् । रुविना क्षेत्री ८ रनमा रनआउट भइन् ।

सीता रानामगर पनि रनआउट नै भइन् । उनले ३० बल खेली ३ चौका प्रहार गर्दै २६ रन बनाइन् । नेपालका तीन खेलाडी रनआउट भएको पाकिस्तानी इनिङ्समा इकबालले ४ ओभरमा १९ रन खर्चेर २ विकेट लिइन् ।

जन आकाश Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक वर्ष -१७, अंक- १, २०८१ साल साउन ८ गते मंगलबार (Jul 23, 2024)

# सहिद चिनियाँलालको जन्मजयन्ती सम्पन्न

**काठमाडौं–** प्रथम शिक्षासहिद चिनीयाँलाल सिंहको ११८ औं जन्मजयन्ती, पुर्व मन्त्री झलकनाथ वाग्लेको प्रमूख आतिथ्यमा तथा शहिद चिनियाँलाल तथा उषा सिंह स्मृति प्रतिष्ठानका अध्यक्ष प्रा.डा. रामकुमार पाँडेको सभापतित्वमा राजधानीमा एक कार्यक्रम गरी मनाइएको छ। सो कार्यक्रमका अन्य अतिथिहरुमा कलाकार जे.पापी, राष्ट्रवादी अभियन्ता माधव प्रसाद लामिछाने, नेपाली काँग्रेसका युवा नेता केशव सिंह ठकुरी, राष्ट्रवादी अभियन्ता पारुहाङ्ग कुथुमी राई रहेका थिए ।

स्वागत मन्तव्य व्यक्त गर्दै सोहि संस्थाका महासचिव प्रा.डा. यादव प्रसाद ढुंगानाले २००७ सालको प्रजातन्त्र स्थापना गर्नको निमित्त काठमाण्डौको खिउल टोलमा चिनियाँ लालले महाविर इन्स्टिच्यूट नामक विद्यालय स्थापना गरेको र सो स्कूलमा सहिद धर्मभक्त, दशरथ चन्द लगायतका महान राजनीतिज्ञ, साहित्यकार हरुले अध्ययन गरेको कारण चिनियालाल लाई तत्कालिन राणा प्रशासकहरुले आजिवन कारावास दिइएको र चिनियाँलालको जेलमा नै बिभिन्न रोग लागेर मृत्यु भएको बताउँदै शहिदको सपना देश बनाउने रहेको र सो दायित्व पुरा गर्न राष्ट्रियता, प्रजातन्त्र प्रति प्रतिबद्ध भै देश जोगाउने दायित्व हामीमा आएको बताएका थिए ।

शहिद चिनियाँलालको फोटोमा उपस्थित अतिथीहरुबाट माल्यार्पणका साथ द्विप प्रज्वलन तथा मौन धारण गरी अगाडी बढाइएको सो कार्यक्रममा कलाकार जे.पापीबाट राष्ट्रियता सम्बन्धि गीत प्रस्तुत गरियो भने अतिथि माधव प्रसाद लामिछानेबाट मोफसलमा पनी यस्ता शहिद हुन सक्ने हुदा तिनको खोजी गर्न संस्थालाई सुझाव दिएका थिए । प्रतिष्ठानका सदस्य विनोद आचार्यबाट मन्तव्यको क्रममा राजा विरेन्द्रका कार्यकालमा नेपाल शान्ति क्षेत्र घोषण भएको मुलुक थियो, शान्त देश थियो भनी शान्तिक्षेत्र माथि प्रकाश पारेका थिए । साथै सोहि संस्थाका सदस्य बलराम गौतमले कविता वाचन गरेका थिए ।

कार्यक्रमका अतिथि गायक, कलाकार राष्ट्रवादी अभियन्ता पारुहाङ्ग कुथुमी राईबाट राष्ट्रवादी गीत प्रस्तुत गरी अगाडी बढेको सो कार्यक्रममा बिपी कांग्रेसका युवा नेता तथा केन्द्रीय सदस्य रोमन पुरीबाट मन्तव्य व्यक्त गरिएको थियो ।

कार्यक्रममा उपस्थित जेष्ठ नागरिक विष्णु बहादुर तण्डुकारलाई सम्मान गरे पश्चात् सो कार्यक्रमका प्रमुख अतिथि पूर्व मन्त्री झलकनाथ वाग्लेले आफ्नो मन्तव्यमा वर्तमान संविधानलाई परिमार्जन गर्न संविधान सुधार सुझाव आयोग गठन गर्न आवश्यक भै सकेको बताउदै यो संविधान रहेसम्म नेपाल राष्ट्र समाप्त हुने खतरा रहेको हुदा यो नेपाल राष्ट्रलाई जोगाउन हाम्रा पुर्खाहरुले जस्तो प्रकारको योगदान दिएका थिए र हामी नाति पुस्तामा मुलुकलाई वचाउन जे सपना देखेका थिए त्यो सपना पुरा गर्न जरुरी भै सकेको महत्वपूर्ण धारणा कार्यक्रममा राखेका थिए ।

सामाजिक अभियन्ता शंकर मघैयाबाट मन्तव्य प्रस्तुत गरी सकेपछि सो कार्यक्रमका सभापति प्रा.डा. रामकुमार पाँडेले आफ्नो मन्तव्यमा मुलकलाई शीरमा, राजालाई काँधमा, नेतालाई आँखामा राख्ने व्यवस्थाको नेपालमा जरुरी भै सकेको बताउँदै सो प्रकारको व्यवस्था नेपालमा स्थापना गर्ने दिशामा हामी सवै अगाडी बढौं भनि सो कार्यक्रमको समापन गर्नु भयो । शीशिर योगीद्वारा गाइएको राष्ट्रवादी गीत प्रस्तुत गर्दै सो कार्यक्रमको संचालन सोही संस्थाकी कोषाध्यक्ष सरस्वती पन्त भट्टराईबाट रोचक शैलीमा भएको थियो ।

# मोतीलक्ष्मी उपासिका क्रान्तिकारी तथा प्रेरणादायी नारी साहित्यकार !

**काठमाडौं–** नेपाल प्रज्ञा-प्रतिष्ठान र नेपाल भाषा मिसा खलःको सहकार्यमा नेपालभाषाका साहित्यिक सर्जक तथा अभियन्ता मोतीलक्ष्मी उपासिकाको ११५औं जन्मजयन्ती मनाइएको थियो।

नेपालभाषा-साहित्यका अध्येता प्रा.प्रेमशान्ति तुलाधरले ‘नेपालभाषा साहित्यका एक सशक्त नारी हस्ताक्षर मोतीलक्ष्मी उपासिका’विषयक कार्यपत्र प्रस्तुत गरेका थिय ।

कार्यक्रमका प्रमुख अतिथि तथा भाषा आयोगका सदस्य सुरेश किरणले पानसमा बत्ती बालेर कार्यक्रमको समुद्घाटन गरेका थिय । उनले मोतीलक्ष्मी उपासिका अग्रगामी नारी चेतना भएकी एक क्रान्तिकारी र जुझारु लेखिका भएको बताएका थिय ।

नेपाली र नेपालभाषाकी साहित्य सर्जक ,साङ्गठनिक , साहित्यिक अभियन्ता र सबै मातृभाषाका लागि प्रेरणाको स्रोत भएको उनले बताएका थिय।

प्रज्ञा-प्रतिष्ठानका कुलपति भूपाल राईले मोतीलक्ष्मी उपासिकाले नेपालभाषा र साहित्यमा पु-याएको योगदानबाट कोही पनि विमूख रहनु हुँदैन । उहाँका बारेमा गहिरो खोजअनुसन्धान हुनुपर्नेमा जोड दिदै एउटा भाषा हरायो भने राष्ट्रको ठूलो अङ्ग हराउँछ भन्ने चेतना स्वयम् राज्यको हुनुपर्ने धारणा राखेका थिय।

प्रज्ञा-प्रतिष्ठानका प्राज्ञ परिषद् सदस्य तथा अनुवाद विभाग प्रमुख हंसावती कुर्मी ‘हंसा’ले मोतीलक्ष्मी उपासिकाले साहित्यिक क्षेत्रमा पुर्याएको योगदानलाई नयाँ पुस्तासम्म पुर्याउन यस कार्यक्रमले महत्त्वपूर्ण देन रहने कुरा स्वागत मनतव्यमा बताएकि थिइन।

कार्यक्रमका सभाध्यक्ष,प्रज्ञा-प्रतिष्ठानका प्राज्ञ परिषद् सदस्य तथा भाषा(मातृभाषा कोष तथा व्याकरण ) विभाग प्रमुख त्रैलोक्यमान बनेपाली ‘अगिव’ ले साहित्यमा विशिष्ट योगदान गर्नुभएकी मोतीलक्ष्मी उपासिका नेपालभाषा -साहित्य मात्र नभई सिङ्गो नेपाली साहित्यकी प्रेरणादायी एक क्रान्तिकारी नारी हस्ताक्षर रहेको दाबी गरेका थिए ।



एक सर्जक, सङ्गठक र अभियन्ता रहेकी उपासिकाको व्यक्तित्वलाई उजागर गर्न अझै बाँकी रहेको उनले बताएका थिय।

उक्त कार्यपत्र प्रस्तुत गर्दै प्रा.प्रेमशान्ति तुलाधरले नेपालभाषाका विशिष्ट प्रतिभा चितधर ‘हृदय’ जस्ता साहित्यिक महारथीहरूको प्रशिक्षण र प्रेरणा पाएर कलम चलाएकी मोतीलक्ष्मी उपासिकाले राणाकालीन कालरात्रीमा पनि देशकाल परिस्थितिसँग जुधेर नेपालभाषाको संरक्षण र संवर्द्वनका निमित्त आगाडि भनेर प्रशसा गरेका थिय ।

जेलमा परेकाआफ्नो दाजु चित्तधरलाई अनेकौं जुक्तिले जेलभित्र आवश्यक सामाग्री जुटाई साहित्य सिर्जनामा अभिप्रेरित गर्ने र जेलकृत रचनालाई गुप्त रूपमा ल्याएर सुरक्षित राख्ने मोतीलक्ष्मी त्याग र बलिदानकी प्रतिमूर्ति भएको बताएका थिय ।

नेपालभाषाका क्षेत्रमा पहिलो आधुनिक कथाकार तथा नेपाली भाषाको प्रथम महिला कथाकारका रूपमा परिचित रहेको बारे उल्लेख गर्दै मोतीलक्ष्मीलाई नीति, उपदेशमूलक, दार्शनिक तथा स्वच्छन्दतावादी दृष्टिकोण व्यक्त गर्ने नेपालभाषाको आधुनिक गद्य साहित्यका लागि विशुद्ध सेतुको रूपमा कार्यपत्र प्रस्तोता तुलाधरले चित्रण गरेका थिय।

उक्त कार्यपत्रमा इङ्गित गर्दै महिलाहरूको सहभागितासहित’नेपालभाषा मिसा खलः’जस्ता संस्था खोलेर मोतीलक्ष्मी नेपालभाषाको श्रीवृद्धिका साथै मातृभाषाको उन्नायनमा प्रेरक व्यक्तित्व बनेको बारे उल्लेख गरेका थिए।

उक्त कार्यपत्रमाथि प्राज्ञद्वय चेतनाथ धमला र सूर्यप्रसाद यादव ,सहभागीका तर्फबाट तिलकप्रकाश कायस्थ , शाक्य सुरेन र हरिशरण राज उपाध्याय शर्माले आआफ्नो जिज्ञासासहित टिप्पणी राखेका थिय।

कार्यक्रममा ‘मोतीलक्ष्मी उपासिका’शीर्षकको आफ्नो कविता लोककवि राजभाइ जकमीले वाचन गरेका थिए। समाजसेवी तथा साहित्यकार कृष्णलाल प्रधान र नेवा देय् गुठीका अध्यक्ष पवित्रा बज्राचार्यले उनको योगदानबारे आआफ्नो धारणा राखेका थिए।

कार्यक्रममा नेपालभाषा मिसा खलःका अध्यक्ष धर्मशोभा तुलाधरले धन्यवादज्ञापन तथा संस्थाका सहसचिव पद्मलक्ष्मी ताम्राकारले आयोजकका तर्फबाट खादा लगाएर स्वागत गरेका थिय ।

पृष्ठ १ बाट जारी

**प्रधानमन्त्री...**

स्थायी सरकार हुन्छ । स्थाई सरकार भएपछि त्यो स्थायी सरकारले ढुक्कले ५ बर्ष सरकार चलाउदा संवैधानिक निकायहरु सवै आफ्नै मातहतमा योग्य, दक्ष, सक्षम अनुभवले खारिएका व्यात्तित्वहरु नियुक्त गर्न सकिन्छ । स्थायी सरकार हुनुपर्छ जवाफदेही हुनुपर्छ भनेपछि सवैलाई नैतिकताको प्रश्न आउछ । परिणाम देखाउनै पर्ने भन्ने हुन्छ । अठोटका साथ लागेपछि परिणाम आएरै छाड्छ । यसरी आफैले बनाएका पञ्च बर्षे योजनाहरु सम्पन्न हुन्छन् र देशको विकास हुन समय लाग्दैन । देश विकास हुन्छ ।

वर्तमान सरकारले राष्ट्रिय सहमतिको सरकार भनेको छ । त्यसमा देशको हितमा हुने प्रावधानहरुमा प्रतिपक्षमा रहेका दलहरुले पनि समर्थन गर्ने र देशको हितमा नहुने व्यवस्था संविधानमा राख्न खोजेमा संख्याले थोरै भएपनि संदनमा खवदारी गर्ने र जनतालाई आवहन गर्ने गरी देशको पक्षमा काम गर्नुपर्ने देखिन्छ ।

आजको आवश्यकता भनेको जनतावाट प्रत्यक्ष निर्वाचित प्रधानमन्त्री देशको पक्षमा र जनताको हितमा हुनुपर्ने देश र जनतामा दुरगामी असर पर्ने व्यवस्था अडकाउने, अल्झाउने तरिकाहरु फालेर छिटो छरितो पारदर्शी शुसासन युक्त समाजको परिकल्पना गर्नु हो । तर संविधान संशोधनमा प्रत्यक्ष कार्यकारी प्रधानमन्त्री भनेर ७ बुदे साझा पत्रमा उल्लेख गरिएको देखिएको छैन । उल्लेख नगरिएको भएपनि संविधान संशोधन गर्दा पहिलो एजेण्डा प्रत्यक्ष निर्वाचित प्रधानमन्त्रीको व्यवास्था संविधानमा हुनुपर्छ ।

पृष्ठ १ बाट जारी

**राजीनामा...**

मुख्यमन्त्री कँडेल समक्ष राजीनामा पत्र बुझाउनेछन् ।

मन्त्रीको राजीनामासँगै माओवादी संसदीय दलले कँडेल नेतृत्वको सरकारलाई दिएको समर्थन समेत फिर्ता लिनेछ । हाल काठमाडौंमा रहेका संसदीय दलका नेता राजकुमार शर्माले सरकारलाई दिएको समर्थन फिर्ताको पत्र मेलमार्फत पठाउने बताइएको छ ।

माओवादीले सरकारबाट बाहिरिने तयारी गर्दा पनि एमाले र कांग्रेसबीच नयाँ सरकार गठनका विषयमा छलफल नै सुरु भएको छैन ।

पृष्ठ १ बाट जारी

**मन्त्री भट्टराई...**

अहिले राम्रोसँग लेख्ने महिला पत्रकार भएको बताइन् । उनले सञ्चारमाध्यमले पनि राजनीतिक बिटमा समाचार लेख्ने महिलालाई प्रोत्साहित गर्नुपर्ने र नीतिगत रूपमा पनि सुधार गर्दै लैजानुपर्नेमा जोड दिइन् ।

म्यागका अध्यक्ष अनिता विन्दुले राजनीतिक विषयमा काम गर्ने महिला पत्रकारको सङ्ख्या कम भएकाले प्रविधिसहितको क्षमता अभिवृद्धि गर्ने उद्देश्यले दुई दिनको तालिमको आयोजना गरेको बताइन् । नेपाल पत्रकार महासङ्घको तथ्याङ्कानुसार १८ प्रतिशत महिला क्रियाशील रहेका छन् ।

## अन्तराष्ट्रिय

# दौडबाट पछि हटे बाइडेन



**काठमाडौं –** अमेरिकी राष्ट्रपति जो बाइडेन दोस्रो कार्यकालका लागि चुनावी दौडबाट अचानक पछि हटेका छन् । बाइडेनले आगामी नोभेम्बरमा हुने राष्ट्रपति निर्वाचनमा सहभागी नहुने बताएका हुन् । उनले राष्ट्रपति चुनावको उम्मेदवारमा आफ्नै पार्टीका तर्फबाट उपराष्ट्रपति कमला ह्यारिसलाई अघि सारेका छन् ।

बाइडेनले अमेरिकी नागरिकलाई सम्बोधन गर्दै एक्समार्फत जारी गरेको विज्ञप्तिमा आगामी नोभेम्बरमा हुने निर्वाचनको दौडबाट आफू पछि हटेको उल्लेख गरेका छन् । ‘राष्ट्रपतिका रूपमा तपाईंहरूको सेवा गर्न पाउनु मेरा लागि सबैभन्दा ठूलो सम्मान हो । मेरो पुनर्निर्वाचित हुने चाहना हुँदाहुँदै पनि म चुनावी प्रतिस्पर्धाबाट पछि हटेर बाँकी कार्यकालको जिम्मेवारी केन्द्रित हुनु पार्टी र देशको हितमा हुने मलाई विश्वास छ,’ बाइडेनले भनेका छन् ।

साथै उनले आफ्नो साढे तीन वर्षको कार्यकालमा मुलुकले उल्लेख्य प्रगति गरेको दाबीसमेत गरेका छन् । त्यस्तै बाइडेनले कोभिड महामारी र त्यसका कारण सिर्जित आर्थिक संकटबाट मुलुकलाई बाहिर ल्याएको र लोकतन्त्रको रक्षा गरेको समेत उल्लेख गरेका छन् । उनले डेमोक्रेटिक पार्टीका तर्फबाट राष्ट्रपतिको उम्मेदवारका रूपमा ह्यारिसलाई पूर्ण रूपमा समर्थनसहित सहयोग गर्ने उल्लेख गरेका छन् ।

‘२०२० मा उपराष्ट्रपतिको उम्मेदवारमा कमला ह्यारिसलाई पार्टीका तर्फबाट छनोट गर्ने मेरो जीवनकै उत्कृष्ट निर्णय थियो, आज फेरि म उनलाई राष्ट्रपतिको उम्मेदवारका रूपमा पूर्ण सहयोग र समर्थनसहित अनुमोदन गर्छु ।’ डेमोक्रेटिक पार्टीको अगस्टमा हुने राष्ट्रिय सम्मेलनले ह्यारिसको उम्मेदवारी अनुमोदन गर्नेछ ।

८१ वर्षीय बाइडेन हाल कोभिड संक्रमणको उपचार गराइरहेका छन् । बाइडेनको उमेर र स्वास्थ्यलाई लिएर स्वयं उनकै पार्टीभित्र पनि प्रश्न उठ्दै आएको थियो । उनले आफ्नो निर्णयबारे जानकारी दिन आउने साता राष्ट्रका नाममा सम्बोधन गर्नेसमेत जनाएका छन् ।

राष्ट्रपतिका अर्का उम्मेदवार रिपब्लिकनका डोनाल्ड ट्रम्पसँगका दुई वटा चुनावी बहसमा फितलो प्रस्तुति दिएको भन्दै डेमोक्रेटिक पार्टीभित्रै चर्को आलोचना भएको थियो । ती चुनावी बहसपछि पार्टीभित्र राष्ट्रपतिको उम्मेदवारमा विकल्प खोज्नुपर्ने माग सुरु भएको थियो ।

अमेरिकामा बहालवाला राष्ट्रपतिले दोस्रो कार्यकालका लागि प्रतिस्पर्धामा नउत्रिएको यो दोस्रो पटक हो । यसअघि सन् १९६८ मा लिन्डन जोनसनले पनि दोस्रो कार्यकालका लागि चुनावमा भाग लिएका थिएनन् ।

पूर्वराष्ट्रपति ट्रम्पले त बाइडेनप्रति तिखो आलोचना गर्दै आएका छन् । बाइडेनको चुनावी दौडबाट पछि हट्ने निर्णय सार्वजनिक भएलगत्तै ट्रम्पले अमेरिकी सञ्चार संस्था सीएनएनलाई प्रतिक्रिया दिँदै बाइडेनलाई अमेरिकी इतिहासकै सबैभन्दा खराब राष्ट्रपतिको संज्ञा दिएका छन् ।

गत साता पेन्सलभेनिया राज्यमा आयोजित चुनावी ऱ्यालीलाई सम्बोधन गर्ने क्रममा ट्रम्पमाथि गोली प्रहार भएको थियो । गोली प्रहारबाट उनको कानमा चोट लागेको थियो । विभिन्न सर्वेक्षणले राष्ट्रपतिको दौडमा ट्रम्पलाई बाइडेनको तुलनामा निकै अगाडि देखाएका थिए । पेन्सलभेनिया घटनापछि सर्वेक्षणहरूले ट्रम्पलाई थप बलियो देखाएका छन् ।

# लोकतन्त्रका लागि मैले गोली खाएँ : ट्रम्प



**काठमाडौं –** अमेरिकाका पूर्वराष्ट्रपति डोनाल्ड ट्रम्पले आफूले ’लोकतन्त्रका लागि गोली खाएको’ बताएका छन् । मिसिगनमा भएको चुनावी ऱ्यालीमा आफूमाथि भएको आक्रमणलाई लक्षित गर्दै ट्रम्पले उक्त कुरा बताएका हुन् ।

गत जुलाई १४ मा पेन्सिलभेनियामा चुनावी कार्यक्रमलाई सम्बोधन गर्ने क्रममा ट्रम्पमाथि गोली प्रहार भएको थियो । गोली प्रहारबाट उनको कानमा सामान्य चोट लागेको थियो ।

उक्त आक्रमणपछिको पहिलो चुनावी ऱ्यालीमा सहभागी हुँदै ट्रम्पले भने, ’म आज यहाँ नहुनु पर्ने हो तर केही विशेष भयो । गत हप्ता मैले लोकतन्त्रका लागि गोली खाएँ ।’ कानमा ब्यान्डेज लगाएका ट्रम्पले करिब २ घण्टा भाषण गरेका थिए ।

# मेरो नजरमा असल पिता
# उमेश ठाकुर



तेजप्रकाश बानियाँ

सधैं हसमुख चेहरामा देखिने, उमेश ठाकुरको जन्म वि स २०२८ साल भाद्र ३ गते, सप्तरी जिल्लाको राजविराज न पा वडा नं १३ राजविराजमा भएको हो । पिता जोखन ठाकुर र आमा अतिया देवी ठाकुरको एकमात्र सुपुत्रको रूपमा जन्मिएका उमेशको बाल्यकाल सुखद रहेन । अफु ४ वर्षको हुँदा एउटी बहिनी जन्म भएपछि आमाको स्वर्गवास भयो । त्यस पछि दुखका दिनहरू सुरुभए । छोरा र छोरीको मुख हेरेर बाबुले अर्को बिबाह गरेनन् । डेढ बिघा जमीनको, परम्परागत खेती, कृषिकर्म, बस्तुभाउ एवम् बालबच्चा र घरायसी काम जोखन ठाकुर एक्लैले मुस्किलसाथ भ्याई नभ्याई गरेर उतार्दै गए ।

छोराछोरीले पनि आफ्नो उमेर अनुसार जे जस्तो काम सकिन्छ बाबुलाई सघाउँदै गए । ७ वर्षको उमेरमा घरको काम भ्याउदै उमेश गाउँको, श्री महावीर माध्यमिक विद्यालयमा जान थाले । उनले त्यहाँ कक्षा ७ सम्म पढे । कक्षा ८ देखि पब्लिक माध्यमिक विद्यालय, लौनिया तिलाठीमा अध्ययन गरी २०४७ सालमा एसएलसी उत्तीर्ण गरे । घरायसी काम र खेतीपाती दुखजिलो चलेकै छ । घरको अवस्था र जन शक्तिको कमीले बैनीलाई पढ्न पठाउन सकिएन । हुदैजाँदा घरमा काम गर्ने मानिसको अभावले त्यसै वर्ष घरदेखि ५ कि मी उत्तर तर्फ फछेंट गा बि स वडा नं ३ फछेंट निवासी सूर्य नारायण ठाकुर तथा श्रीमती चन्द्रादेवी ठाकुरकी सुपुत्री सुश्री राम कुमारी देवी ठाकुरसँग बिबाह बन्धनमा बाधिए र घर सम्हाले । २०५२ सालगा बहिनीलाई बिबाह गरी घर पठाए ।

तर केही काम गर्ने समयमा घर बसेर के गर्ने ? घर व्यबहारले गर्दा कपाल काट्ने व्यवसाय गर्न नभ्याए पनि उमेशका बाबुले कपाल काट्न जानेका थिए । कहिले कही बाबुले आफन्तको कपाल काटेको हेर्दा हेर्दै उमेशले पनि कपाल काट्न जानी सकेका थिए । एसएलसी पछि उच्च शिक्षातिर नलागी घर ब्यबहारमा रहेका उमेशको २०५० साल मंसिरमा, छोरीको जन्म भयो । छोरीलाई गाउँको स्कूलबाट एसएलसी गराए । पछि प्याराडाइज कलेज, राजबिराजबाट १२ कक्षा सम्म उत्तीर्ण भएपछि नेपाली सेनामा कार्यरत रामकुमार ठाकुरसँग बिबाह गराइदिए ।

२०५६ जेठ महिनामा जेठो छोरा जन्मियो । २०५७ कार्तिकमा कान्छो छोरा जन्मियो । उमेशले आफु माथी तीनगोटा बालबच्चाको लालन पालनको जिम्मा पनि थपिएको महसुस गरे ।

अब घर बसेर हुदैन अवश्य केही गर्नु पर्छ, भन्ने सोचेर २७ वर्षको उमेरमा २०५६ सालमा सोझै काठमाडौं छिरेर, बेला बेला, घरको पनि देखभाल गर्ने गरी बालाजुको एउटा सैलुनमा छ वर्ष काम गरेको अनुभवले २०६२ सालदेखि काठमाडौंको, बुढानिलकण्ठ ३ रुद्रेश्वर चोकमा “उमेश हेयर कटिङ्ग सैलुन” स्थापना गरी हाल सम्म काम गरिरहेका छन् । सैलुनमा पनि बिहान ७ बजेदेखि बेलुका ८ बजेसम्म धेरैजसो एक्लैले खटेको देखिन्छ ।

सैलुन खोलेर काम गरेको भरमा, चाहिदो काममा मात्र रकम खर्च गरेर सक्दो मितव्ययीता अपनाई बचत गरेर छोरीलाई १२ कक्षासम्म पास गराए । त्यसपछि छोरीको बिबाह गरीदिए । जेठो छोरालाई २ कक्षा सम्म लिटिल फलावर बोर्डीङ्ग स्कूल राजबिराजमा पढाएर ३ कक्षादेखि हिमालय बोर्डीङ्ग स्कूल, बुढानिलकण्ठमा १० कक्षा सम्म पढाए । त्यसपछि छोराले मदन आश्रित मेमोरिएल टेक्निकल इन्स्टीच्यूट गोठाटारमा अध्ययन गर्न चाहेकोले, उक्त इन्स्टीच्यूटको प्रवेश परीक्षामा सरिक भई उत्तीर्ण भएकाले । करीब रु २,००,०००।- रकमको जोगाड गरी ३ वर्षे डिप्लोमा इन (सिभिल) इन्जिनियरिङ्ग पढाए । उतीर्ण गरेपछि छोराले लोकसेवा परीक्षा दिई नाम पनि निकाले । तर जागीर खाने बिचार नगरी जापान जाने चाहना गरेकाले छोराको चाहना अनुसार रु २० लाख यताउती मिलाएर कतै जग्गा धितो राखेर भएपनि मिलाएर छोरालाई अढाई वर्ष अगाडि स्नातक गर्न जापान पठाए । खुशिको कुरा के छ भने, छोराले अढाई वर्षको अवधिमा, भाषा सिक्दै काम गर्दै गरेर २० लाख रुपैया फिर्ता गरी सकेका छन् ।

कान्छा छोरालाई पनि ३ कक्षा देखि १० सम्म हिमालय बोर्डीङ्ग स्कूल, बुढानिलकण्ठमा पढाए । एसएलसी उत्तीर्ण भएपछि क्यानभास कलेज बसुन्धराबाट प्लस २ उत्तीर्ण गरे । तत्पस्चात बि ई अध्यनको लागि खोपः इन्जिनियरिङ्ग कलेज भक्तपुरमा प्रवेश परीक्षा दिएकोमा स्कलर सिपमा नाम निस्कियो । प्रथम प्राथमिकता, इलेक्ट्रोनिक्स एण्ड कम्यूनिकेसन र द्रितिय प्राथमिकता बि ई (सिभिल) थियो । इलेक्ट्रोनिक्स एण्ड कम्यूनिकेसन पढ्ने कलेज काठमाडौंमा नभएको तर उनको परिवार काठमाडौंमा भएकोले बि ई (सिभिल) नै पढने बिचार गरेर खोपः अन्तरगत कान्तिपुर सिटी इन्जिनियरिङ्ग कलेज काठमाडौं, पुतली सडकमा बि ई सिभिल) कक्षामा भर्ना भए । उक्त पढाइको लागि ८ लाख ५० हजारमा कुरा फाइनल भयो । उमेशले त्यो खर्च पनि जोगाड गरे । तर अध्ययन गर्दै जादा सेमेष्टरहरूमा हुने परीक्षामा कान्छो छोराले राम्रो नतीजा प्राप्त गरेबापत कलेजले शुल्कमा दिने छुट रकम कटाउदा जम्मा खर्च ७ लाख ५० हजार ले पुग्यो । यस प्रकार बि ई गरे पछि काम र अध्ययनका लागि हाल बिदेश जाने तरखरमा छन् । उमेशका बाबु जोखन ठाकुर पनि परिवारको यस्तो सफलता देखेर सारै खुशी छन् ।

एउटा अति सामान्य परिवारमा जन्मिएर ४ वर्षको उमेरमा आमा गुमाएका उमेशले खेतीपाती र घर व्यवहार धानेर बृद्ध हुदै गएका बाबुको समेत हेरबिचार गरी बहिनीको लागि योग्य ज्वाइ खोजेर बिबाह गराइदिनु, छोरीलाई पढाएर १२ कक्षासम्म पास पछि बिबाह गराई दिनु, छोराहरू दुवै जनालाई काठमाडौं राखेर बोर्डीङ्गमा पढाएर, लाखौंलाखं रुपैयाँ छिन छिनमा व्यवस्था गरेर २० औं लाख सम्म पनि कतै चल अचल सम्पत्ति धितो बन्धक राखेर भएपनि, समयमा जोहो गरी सम्बन्धित निकायमा पुर्‍याउनु भनेको पक्कै पनि सहज काम होइन । यसरी उनले कुशल अविभावकको भूमिका निभाउन सफल भएकोले “असल पिता” संज्ञा दिएको हुँ ।



यसले के बुझिन्छ भने, तँ आँट म पुर्‍याउछु भन्ने हाम्रो पौराणिक उखानको चरितार्थ हो । अर्को कुरा मानिसको भाग्य भन्ने कुरा जाँगर पनि हो । इमानदारी र निरन्तरको लगनसीलताले धेरै व्यक्ति धेरै ठाउँमा सफल भएका छन् । उमेशको सफलता पनि हसिलो अनुहार, मीठो बोली, पेशा प्रतिको दक्षता, ग्राहकसँगको नम्र व्यवहार एवम् लगनसीलता आदि उनको सफलताको कडी हो जस्तो मलाई लाग्छ । आगामी दिनहरूमा पनि आवश्यकता र चाहना अनुसार सफलता मिल्दै जावस् । छोराहरू दुवै भाइलाई भविश्यमा सोचे बमोजिम सफलता मिलोस् । उमेशको सैलुनले पनि प्रचूर मात्रामा ग्राहक पाइरहोस् यही मेरो शुभकामना ।

# मोड्ल बिष्णु कुँवरका एकपछि आर्को गीत चर्चामा





**काठमाडौं–** पछिल्लो समय मोड्ल बिष्णु कुँवर निकै चर्चामा आएकाछन् । उनले गरेका हरेक सिर्जना चर्चामा आउने गर्दछन् । पछिल्लो समय नयाँ ,नयाँ मोडलसँग अभिनयमा कुँवर निकै व्यस्थ देखिन्छन् । उनले अभिनय गरेका कति गीत चर्चामा छन् भने कति गीतले इतिहास समेत रच्न सफल भएकाछन् । बिगत लामो समयदेखि म्युजिक भिडियोमा अभिनय गर्दै आएका मोड्ल तथा कलाकार बिष्णु कँवरले पछिल्लो समय “मुटु खायो तिम्रो मायाले” बोलको गीत बजारमा सार्वजनिक गरेकाछन् । उक्त गीत अहिले नेपाली सागीतिक बजारमा तहल्का पिटी रहेको छ ।

मिन प्रकाश ओलीको शब्द रहेको गीतमा चर्चित गायक अर्जुन सापकोटा र पुजा देवकोटाले मिठासपूर्ण आवाज दिएका छन् । भने मीन प्रकाश ओलीको म्युजिक, आरेम सुनारको यारेन्ज,मिक्सिड रहेको गीतमा प्रकाश खड्काले छायांकन गरेका छन् । मोड्ल बिष्णु कुँवर स्वयमको निर्देशन, रहेको गीतमा ,हिरा रसाइली,कमेडी याक्टर बिनोद कार्की र विष्णु कुँवरको अभिनय रहेको छ ।

त्यस्तै मोड्ल बिष्णु कुँवर र हिरा रसाइलीकै अभिनय रहेको “दुखेको मन” बोलको गीत पनि सार्वजनिक भएको छ । उक्त गीतमा मोड्ल बिष्णु कुँवर र हिरा रसाइलीको अभिनय रहेको छ भने तुलसी घर्ती मगर र हरी जी ओलीले मिठासपूर्ण आवाज दिएकाछन् । गीत (द्यष्कजलग पगलधबच) अफिसियल युटुब च्यानलबाट सार्वजनिक गरिएको छ ।

दुई ओटै गीतले दर्शको राम्रो प्रतिक्रिया पाएपछि मोड्ल बिष्णु कुँवर अहिले नयाँ सिर्जनाको तयारीमा लागेकाछन् ।

# सक्किगोनी टिमको फिल्म “लाज शरणम” निर्माण घोषणा

**काठमाडौं–** फिल्म ‘लाज शरणम’ निर्माण घोषणा गरिएको छ । लोकप्रिय हास्यसिरियल ‘सक्किगोनी’ टिमले फिल्म बनाउन लागेको हो । सिरियलका निर्देशक तथा कलाकार कुमार कट्टेल ‘जिग्री’ को जन्मदिनको अवसर पारेर शुक्रबार एक कार्यक्रमकाबिच फिल्म घोषणा गरिएको हो ।




कार्यक्रममा वरिष्ठ हास्य कलाकार हरिवंश आचार्य, अभिनेत्री तथा निर्देशक दीपाश्री निरौला, निर्देशक समाजको अध्यक्ष जनकदीप पराजुली, नेपाल चलचित्र संघका अध्यक्ष नरेन्द्र महर्जन, निर्देशक प्रदीप भट्टराई, केदार घिमिरे, निर्मल शर्मा, दीपक आचार्य, सोम धिताल, बिशाल भण्डारी, ओम प्रकाश अग्रवाल र बितरक मनोज राठी लगायतको उपस्थिति थियो ।

फिल्मको निर्देशन कुमार कट्टेलले गर्न लागेका हुन् । लेखन समेत कट्टेलको रहेको फिल्मका निर्माता नवीन श्रेष्ठ र सह–निर्माता रामनरेश शाह हुन् । फिल्ममा अर्जुन घिमिरे (पाँडे), सागर लम्साल (वले) कमलमणि नेपाल (खुपीका बाउ), माला लिम्बु, विजय बराल र मुकुन्द श्रेष्ठको मुख्य भूमिकामा देखिनेछन् । सुदीप बरालको छायाङ्कन रहने फिल्ममा अन्य कलाकार छनौटको चरणमा रहेको कार्यक्रममा जानकारी दिइयो ।

कार्यक्रममा कलाकार हरिवंश आचार्य, निर्देशकद्धय दीपाश्री निरौला र प्रदीप भट्टराईले निर्माण टिमलाई शुभकामना दिए । फिल्म कमेडी जनरामा बन्न लागेको हो । निर्देशक कुमारले सिंगो फिल्म नगरीको प्रतिनिधित्व हुने गरेर फिल्म निर्माण गर्न लागेको बताए ।

# अभिलाषाका झारहरूको विमोचन




**काठमाडौं–** नेपाल प्रज्ञा–प्रतिष्ठानको सिद्दिचरण सभाकक्षमा कवि राजेन्द्र ओझा ‘नयन’द्वारा रचित ‘अभिलाषाका झारहरू’ कवितासङ्ग्रहको विमोचन कार्यक्रमका प्रमुख अतिथि तथा प्रज्ञा– प्रतिष्ठनका कुलपति भूपाल राई लगायतले गरेका छन ।

उनले प्रज्ञा–प्रतिष्ठान संस्कृति निर्माण गर्ने प्राज्ञिक थलो भएकाले साहित्यकार र लेखक माझ मात्र नभई स्कुल ,क्याम्पस र विश्वविद्यालयसामू प्रज्ञा–प्रतिष्ठान परिचित हुनुपर्नेमा जोड दिएका छन ।

कुलपति राईले कवि तथा साहित्यकारहरू खास भ्रष्टाचारी नभएको उल्लेख गर्दै कवि राजेन्द्र ओझा ‘नयन’को कवितासङ्ग्रह सरल र सहज रहेको बताएका थिए ।

उनले कविको भावना बेजोड भए जस्तै कविताको परिष्कार भने निरन्तर साधनाले मात्र सम्भव हुने बताए ।

कार्यक्रमका विशिष्ट अतिथि प्रज्ञा–प्रतिष्ठानका प्राज्ञ परिषद् सदस्य तथा सामाजिकशास्त्र विभाग प्रमुख डा. कौशिला रिसालले कवि राजेन्द्र ओझा ‘नयन’को कवितासङ्ग्रह ‘अभिलाषाका झारहरू’मा सङ्कलित कविताहरू आफ्नै शैलीमा रचिएका सरल र मौलिक छन् । कतिपय कवितामा वर्गीय विभेद,प्रेम र अध्यात्म जनाउने प्रकारका कविता रहेको बताए ।

कार्यक्रमका अतिथि समालोचक महेश पौडेलले कवि ओझामा कवित्वको प्रचुर सम्भावना रहेको छ । उहाँका कवितामा दार्शनिक प्रभाव रहेको बताउँदै कविता भनेको दीर्घलेखन पपश्चात् परिमार्जन हुनेमा जोड दिए ।

‘अभिलाषाका झारहरू’ कवितासङ्ग्रहका सर्जक राजेन्द्र ओझा ‘नयन’ले आफूले मनोवैज्ञानिक तथा दार्शनिक विषयवस्तुमा कविता लेख्ने गरेको बताए ।

उक्त विमोचन कार्यक्रम युनिग्लोब कलेजका अध्यक्ष प्रा.खगेन्द्र ओझाको अध्यक्षतामा सम्पन्न भएको थियो ।उनले प्रज्ञा–प्रतिष्ठान जस्तो प्राज्ञिक निकायमा ‘अभिलाषाका झारहरू’को विमोचन हुँदा आफूलाई खुसी लागेको बताए ।उनले कविताले जीवन भोगाइ र आफ्ना अनुभूतिलाई व्यक्त गरेको उल्लेख गरे ।

कार्यक्रमको सञ्चालन कवि राजु भट्टराईले गरेका थिए । फुसुन प्रकाशनले उक्त कवितासङ्ग्रह प्रकाशित गरेको थियो ।

जन आकाश Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
वर्ष -१७, अंक- १, २०८१ साल साउन ८ गते मंगलबार (Jul 23, 2024)

# नेपालको अटोमोवाइल क्षेत्रमा देखा परेका समस्याहरुको सम्बन्धमा अर्थमन्त्रीसंग छलफल



**काठमाडौं ।** नाडाका अध्यक्ष करण चौधरीको नेतृत्वमा गएको एक प्रतिनिधी मण्डलले माननीय उपप्रधान मन्त्री तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेल भेटगरी अटोमोवाइल क्षेत्रका विभिन्न समस्याहरुका सम्बन्धमा छलफल गरेको छ ।

उक्त भेटघाट तथा छलफलमा अध्यक्ष चौधरीले सुस्ताएको नेपालको अटोमोवाइल व्यवसायलाई गतिशील बनाउन आवश्यक पर्ने नीतिहरुमा सुधारका लागि आग्रह गर्दै नाडाकोतर्फबाट २२ बुँदे सुझावहरु समेत पेश गरे ।

उक्त छलफलमा खाशगरी पेट्रोल र डिजेलबाट चल्ने सवारी साधनहरुलाई बैकहरुबाट ज्च्भ एगचअजबकभ ायबल वाह गर्ने प्रकियामा ायबल तय ख्बिगभ च्बतष्य मा हाल ५० प्रतिशतको सिमा लाई बढाएर ७५५. पुऱ्याउनु पर्ने सुझाव राख्दै कालोसुचिमा रहेको ब्यक्ती फर्मलाई कर चुक्ता तथा नबिकरण गर्न रोक लगाईनु पर्ने र यसका लागि बैंकले कालोसुचीमा राखेको ग्राहकलाई कर कार्यालयले पनि कालोसुचिमा राख्ने व्यवस्था गर्नु पर्ने तथा अनुसुची १३ मा देखाइएको बक्यौदालाई आधिकारीक मानी कानुनी प्रक्रीयामा जान मिल्नेगरी कार्यबिधी तयार गर्नु पर्ने ।

त्यसैगरी कालो सुचिमा परेका व्यक्तीहरुले पनि अन्य बैकहरुबाट आफनो कारोवार गरिरहेको देखिएकोले कालो सुचिमा परेका व्यक्ती वा कम्पनीमाथीको कारवाही ज्यादै फितलो हुन गएको गुनासो गरे ।

त्यसै क्रममा अध्यक्ष चौधरीले चालु पुजी कर्जा मार्ग दर्शन २०७९ का सम्बन्धमो चालुपुजी कर्जा मार्गदर्शन लागु भएको मिति भन्दा अगाडी कर्जा लिएकाहरुलाई त्यो व्यवस्था लागु नहुने तर यो लागु भएको मिति पछी कर्जा लिएकाहरुलाई मात्रै चालुपुजी कर्जा मार्गदर्शन २०७९ लागु हुनेगरी कार्यान्वयनमा ल्याएमा सम्पूर्ण समस्याको समाधान हुने सक्ने धारणा राखे ।

उक्त छलफलमा नाडाका उपाध्यक्ष राजन बाबु श्रेष्ठले नेपाल राष्ट्र बैंकले नीजि प्रयोजन र व्यावसायीक महत्वका सवारी साधनहरुलाई स्पष्ट रुपमा छट्याई सोहि अनुरुप बैंक लगानी गर्न सहजीकरण गरि दिनु पर्ने । त्यसैगरी कुनै पनि क्षेत्रमा ल्एब् ५५ भएमा बैंकलाई त्यो क्षेत्रमा फाइनान्स् गर्न नमिल्ने भएकोले व्यावसायीक महत्वका माइक्रोबस र नीजि प्रयोजनका कार एउटै क्षेत्र अन्तरगत पर्ने हुदा धेरै बैंकहरुले डिजेल पेट्रोलबाट चल्ने नीजि कारलाई पनि फाइनान्स् गर्न बन्द गर्नुपर्ने बताए ।

त्यसैगरी उहाँले घरपरिवारको आम्दानी सामान्यतया घरका धेरै सदस्यहरूले प्रयोग गर्ने अर्थात दम्पतीले सवारी साधनको रूपमा अटोलोन उधारकर्ताको चुक्ता गर्ने क्षमताको गणना गर्दा विचार गर्नुपर्ने । अर्थात घर जग्गा खरिद प्रयोजनका लागि ऋण भुक्तानी आम्दानी अनुपात झभदत क्भचखष्अभ तय न्चयकक क्ष्लअफभ च्बतष्य) लाई सहजीकरणगरी चुक्ता प्रमाण पेश गरेका आधारमा विद्यमान ५० प्रतिशतबाट ७० प्रतिशत कायम गरिनु पर्ने धारणा राखे ।

सोही छलफलको क्रममा नाडाका महासचिव सुरेन्द्रकुमार उप्रेतीले नेपालको सीमा क्षेत्रमा कडाइ गरिनु पर्ने भनाई राख्दै नेपाल मै उत्पादन हुने सवै किसिमका अटोमोवाइल, स्पेयर पार्टस्, व्याट्री, लुब्रिकेन्टस् तथा टायरहरु निर्यात गर्दा अन्य निर्यात बस्तुहरुले पाउने सरहको छुट पाउने व्यवस्था हुनु पर्ने तथा नेपालमा उत्पादित व्याट्री तथा टायरहरुलाई पनि नेपालको गुणस्तर प्रमाण चिन्ह ल्व पाउने व्यवस्थाका लागि आग्रह समेत गरे ।

छलफलको अन्त्यमा माननीय उप-प्रधानमन्त्री तथा अर्थमन्त्री पौडेलले नाडाकोतर्फबाट राखिएका नीतिगत विभिन्न सुझावहरुप्रति जिज्ञासा र चासो राख्दै ती सुझावहरुका सम्बन्धमा सरकारले आवश्यक पहल गर्ने बताए उक्त छलफलमा नाडाका निबर्तमान अध्यक्ष डा. ध्रुव थापा, बरिष्ठ उपाध्यक्ष आकाश गोल्छा सचिव विक्रम सिंहानिया, कोषाध्यक्ष मिलनबाबु मल्ल, सह-कोषाध्यक्ष पंकज अग्रवाल तथा एशोसिएशन सचिव सुरेन्द्र प्रधान समेतको उपस्थिति रहेको थियो ।

# टाटा एस इभीका दुई नयाँ भेरियन्ट नेपालमा सार्वजनिक, मूल्य २१ लाख ९९ हजारबाट सुरु




**काठमाडौं–** सिप्रदी ट्रेडिङले टाटा एस इभीका दुई नयाँ भेरियन्ट एस इभी सीएलबी र एस इभी फ्ल्याट बेड नेपाली बजारमा भित्र्याएको छ ।

टाटा मोटर्सको आधिकारिक बिक्रेता सिप्रदी ट्रेडिङले गत वर्ष मात्रै टाटा एस इभी नेपाली बजारमा सार्वजनिक गरेको थियो । त्यसको दुई वटा नयाँ भेरियन्ट नेपाली बजारमा आएका हुन् ।

टाटा मोटर्स कमर्सियल भेहिकलका इन्टरनेसनल बिजनेस हेड अनुराग मेहरोत्राले टाटा एस इभी सीएलबी र एस इभी फ्ल्याट बेडले एस परिवारलाई थप विस्तार गर्दै ग्राहकहरूलाई राम्रो विकल्प प्रदान गर्ने बताए । नेपालमा शून्य कार्बन उत्सर्जन गर्दै सामान ढुवानीलाई सशक्त पार्ने उनको भनाइ छ ।

उनले सिप्रदी ट्रेडिङको बलियो सर्भिस र बिक्री नेटवर्कले टाटा मोटर्सलाई नेपालको कमर्सियल सवारी उद्योगमा नयाँ बेन्चमार्क कायम राख्न मद्दत गर्ने बताए ।

सिप्रदीका प्रमुख कार्यकारी अधिकृत राजनबाबु श्रेष्ठले कम्पनीको प्रतिबद्धता बिक्री गर्ने मात्र नभई नेपालमा इलेक्ट्रिक गाडीको प्रभावकारी संचालनका लागि पूर्ण इकोसिस्टम विकास गर्ने रहेको बताए । यसका लागि कम्पनीले उत्कृष्ट सेवा प्रदान गर्नुका साथै घरमै चार्जिङ गर्ने पूर्वाधार प्रदान गरेर थप सुविधा दिएको श्रेष्ठको भनाइ छ ।

साथै, अब अफ-रोड सवारीलाई सहज र सरल पार्न आपतकालीन उद्धार भ्यान सेवा पनि प्रदान गर्ने उनले बताए ।

'यी दुई नयाँ गाडीले सफा, दिगो र हरित नेपाल बनाउन ठूलो योगदान पुऱ्याउनेमा हामी विश्वस्त छौं,' उनले भने ।

सेप्टेम्बर २०२३ मा उक्त गाडी नेपाली बजारमा सार्वजनिक भएको थियो । पहिलो ६ महिना काठमाडौंमा मात्रै व्यापक परीक्षण गरिएको एस इभीका विभिन्न मोडलहरू अहिले पोखरा, इटहरी, नारायणगढ र बुटवलमा उपलब्ध छन् ।

हाल एस इभीको २२ लाख ९९ हजार, एस इभी सीएलबीको मूल्य २२ लाख ७९ हजार र एस इभी फ्ल्याट बेडको २१ लाख ९९ हजार रुपैयाँ तोकिएको छ ।

# रोयल इन्फिल्डको गोरिल्ला ४५० बाइक भारतमा सार्वजनिक, नेपाल कहिले आइपुग्छ ?



**काठमाडौं–** भारतीय दुई पाङ्ग्रे सवारी उत्पादक कम्पनी रोयल इन्फिल्डले गोरिल्ला ४५० बाइक भारतमा सार्वजनिक गरेको छ । कम्पनीले मंगलबार उक्त बाइक भारतीय बजारमा सार्वजनिक गरेको हो ।

बाइकमा ४५२ सीसी क्षमताको लिक्वीड-कुल्ड इन्जिन छ । उक्त इन्जिनले ८ हजार आरपीएममा ४० हर्सपावर र ५ हजार ५०० आरपीएममा ४० एनएम टर्क उत्पादन गर्छ ।

कम्पनीका अनुसार यसमा हिमालयनमा भन्दा यो मोडलको बाइकमा ट्युनिङ र गियरिङ फरक छन् । यसलाई 'गुरिल्ला क्यारेक्टर'को डिजाइनमा बनाइएको कम्पनीले जनाएको छ ।

यो बाइकमा च्यासिस भने हिमालयन मोडलको जस्तै छ । यसमा युएसडी फोर्क टेलिस्कोपिक युनिट भएपनि रियर सस्पेन्सन ह्यान्डल गर्न मोनोसक प्रयोग गरिएको छ । डुअल च्यानल एबिएससहित दुवै टायरमा अगाडि ३१० एमएम र पछाडि २७० एमएमको डिस्क ब्रेक यसमा उपलब्ध छ ।

गुरिल्ला ४५० मा फ्युल ट्यांक ११ लिटर क्षमताको छ । साथै १७ इन्चको एलोय ह्वील भएको ट्युबलेस टायर दिइएको छ । यो बाइक पाँचवटा रंगमा ३ वटा एनालग, ड्यास र फ्ल्यास भेरियन्टमा आएको छ ।

यसको बेस भेरियन्टमा हन्टर र सटगन मोडलमा भएको जस्तै डिजी- एनालग डिस्प्ले हुनेछ । अन्यमा टीएफटी ड्यास पाइन्छ । हिमालयनको भन्दा ११ केजी तौल कम भएको यो बाइकको मूल्य भारतमा २ लाख ३९ हजार भारतीय रुपैयाँ देखि २ लाख ५४ हजारसम्म भारतीय रुपैयाँसम्म तोकिएको छ ।

यो बाइक नेपाली बजारमा आउन केही समय लाग्ने कम्पनीले जनाएको छ । अहिले कम्पनीले हिमालयन मोडल ल्याउने तयारी गरिरहेको छ । सो मोडल साउनको दोस्रो सातातिर नेपाल आउने छ ।

त्यसपछि कम्पनीले बुलेट ल्याउने योजना बनाइरहेको छ । त्यसैले उक्त बुलेट नेपाली बजारमा इन्ट्री गरे पछि मात्रै गुरिल्ला नेपाली बजारमा आउने कम्पनीले जनाएको छ ।

# एनएमबि बैंकको EV – Auto Loan लोन मात्र ८.९९ प्रतिशतमा

**काठमाडौं–** एनएमबि बैंकले विद्युतीय सवारीसाधनहरू ७ वर्षको अवधिका लागि मात्र ८.९९ प्रतिशत निश्चित ब्याजदरमा उपलब्ध गराएको छ ।

नेपालमा विद्युतीय सवारी साधनको प्रयोगलाई प्रवर्द्धन गर्ने र दिगो भविष्यलाई समर्थन गर्ने उद्देश्यका साथ बैंकले विधुतिय गाडी सेग्मेन्टमा कम ब्याजदरमै लोन उपलब्ध गरेको हो । ग्राहकहरूले अब सजिलै आफ्नो विद्युतीय सवारी साधन फाइनान्स गरि दिगो भविस्य तर्फ योगदान दिन सक्नेछन् ।

लचिलो भुक्तानी विकल्पहरू र द्रुत स्वीकृति प्रक्रियाहरू सहित, ग्राहकहरूले सजिलै एनएमबि सुलव अटो लोन लिन सक्नेछन् । एनएमबि बैंकले हाल देशभरी २०१ शाखाहरु, १८७ एटिएमहरु र ११ एक्सटेन्सन काउन्टरहरु मार्फत उच्चस्तरीय सेवा प्रदान गर्दै आइरहेको छ ।




## चट्याङबाट बच्ने उपाय:

- बिजुली चम्केको बेला सचेत र सतर्क रहौं,
- विद्युतीय तरङ्ग टिप्न सक्ने धातुजन्य र भिजेका वस्तुबाट टाढा बसौं, विद्युतीय उपकरण बन्द गरौं,
- घर तथा भवनमा अर्थिङ्गलगायतका सुरक्षात्मक उपाय अपनाऔं,
- बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कौं,
- सर्केसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुरक्षा ठाउँमा बसौं,
- सकभर अग्लो स्थान तथा रुखका छहारिमा नबसौं

नेपाल सरकार
विज्ञापन बोर्ड

# अटो व्यवसायीले प्रधानमन्त्रीलाई सुनाए समस्या र माग

**काठमाडौं–** नाडा अटोमोबाइल्स एशोसिएसन अफ नेपालका प्रतिनिधिले आज प्रधानमन्त्री केपी शर्मा ओलीलाई भेटेर सुझाव र समस्याबारे अवगत गराएका छन् ।

नाडाका अध्यक्ष करण चौधरीको नेतृत्वमा गएको प्रतिनिधिमण्डल र ओलीबीच आज भेट भएको थियो । सो भेटमा अध्यक्ष चौधरीले नेपालको अटोमोबाइल व्यवसाय मन्दीबाट माथी उठाउन आवश्यक नीतिगत सुझावहरु ओलीलाई पेस गरेका थिए ।

त्यसक्रममा अटोमोबाइल क्षेत्रमा देखिएका समस्या समाधान गर्न प्रधानमन्त्री केपी शर्मा ओलीले आफू सकारात्मक रहेको प्रतिक्रिया दिएका थिए ।

ओलीसँगको भेटमा चौधरीले अटोमोबाइल व्यवसायलाई पुनः गतिशील बनाउन बैंकहरुबाट निजी सवारी साधनको हायर पर्चेज लोन प्रवाह गर्ने प्रकियामा लोन टु भ्यालु रेसियोको हालको ५० प्रतिशतको सीमालाई वृद्धि गरेर ७५ प्रतिशत पुऱ्याउनुपर्ने माग राखेका थिए ।

त्यस्तै, नेपालमा विद्युतिय सवारी साधनहरुको आयात बढ्दै गएको भए पनि सोही अनुरुप राजमार्ग तथा सहरहरुमा चार्जिङ स्टेशनहरुको निर्माण हुन नसकेको उनले ओलीलाई जानकारी गराएका थिए । त्यसैले विद्युतिय सवारी साधनहरुका सम्बन्धमा सरकारले स्थायी प्रकृतिको नीति नियम ल्याउनु पर्ने चौधरीले प्रधानमन्त्रीलाई सुझाव दिएका छन् ।

जनआकास मिडिया प्रा.लि का लागि : प्रकाशकः द्रोणबहादुर बस्नेत, प्रधान सम्पादक : मोहन कार्की (९८५१०८७१५६)सम्पादक : ईन्दिरा धमला, कमप्युटर जनआकास डेस्ककटप
प्रधान कार्यालय, बागबजार काठमाडौ, ०१-४१६७५७८, पोष्ट वक्स नं १६५६ Email: jana.news2065@gmail.com मुद्रणः सुप्रिम प्रिन्टिङ्ग प्रेस बागबजार